# घिरिङ गाउँपालिका


# गाउँ कार्यपालिकाको कार्यालय

## घिरिङ, तनहुँ

## गण्डकी प्रदेश, नेपाल

## मध्यमकालीन खर्च संरचना

## २०७९/०८० देखी २०८१/०८२




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## पेश गरिएको दस्तावेज

**पेश गरिएको दस्तावेज: घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना**

**अवधि: आर्थिक वर्ष २०७९/८० देखि २०८१/०८२ सम्म**

**परामर्शदाता: जेलवेल इनोवेशन प्रा. लि., काठमाडौँ, नेपाल**

**सम्पन्न मिति: आ.ब.२०८०/०८१**


## कृतज्ञता ज्ञापन

आर्थिक वर्ष २०८०/०८१ मा यस घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस जिम्मेवारीलाई सहजतापुर्ण रुपमा सफल बनाउन सहयोग गर्नु भएकोमा गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा प्रति अत्यन्तै आभारी छौं । उहाँको मार्गदर्शन र अभिरुचिले हामिलाई यस कार्यमा तीब्रता दिन हौसला मिलेको छ । त्यसैगरी गाउँपालिका उपाध्यक्ष श्रीमती राधादेवी अधिकारी ज्यु, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद ढकाल, सम्पुर्ण वडाध्यक्ष ज्युहरु, कार्यपालिका सदस्यहरु ज्यु, गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरु लगायत यस जिम्मेवारीलाई पुरा गर्नको लागी आवश्यक सल्लाह तथा सुझाव दिनुहुने सबैमा परामर्शदाताको तर्फबाट हार्दीक आभार व्यक्त गर्दछौं ।

**जेलवेल इनोवेशन प्रा. लि.**

**काठमाडौँ, नेपाल**

## गाउँपालिका अध्यक्षको मन्तव्य

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरको विकासका लागि आवधिक ,बार्षिक ,रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकाश योजना बनाई लागु गर्नुपर्नेछ भन्ने बिषय उल्लेख गरेको छ । त्यसै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन ,२०७४ ले स्थानीय सरकारले सार्बजनिक आय व्ययको विवरण प्रस्तुतगर्दा अनिवार्य रुपमा आगामी पहिलो आ.व को खर्च अनुमान र त्यस पछिका दुई आ.व को खर्च प्रछेपण गरी तीन वर्षको चक्रीय बजेट प्रछेपण सहितको मध्यकालीन खर्च संरचना तजुर्मा गर्नुपर्ने व्यवस्था गरेको छ।

संघीय लोकतान्त्रीक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभुत मूल्य मान्यत, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्न "समृद्ध नेपाल सुखी नेपाली" को राष्टिकय लक्ष्यलाई आत्मसात गर्दै र गण्डकी प्रदेशले लिएको दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी घिरिङ गाउँपालिकाको दीर्घकालीन सोचलाई हासिल गराउन मध्यमकालिन खर्च संरचना सहयोगी हुने देखिन्छ । यस सन्दर्भमा स्थानीय सरकारको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण गरिएको छ।

मध्यमकालिन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन बिषय क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालिन लक्ष्य निर्धारण गरी खर्च तथा स्रोतको त्रिवर्षिक अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका प्रस्तुत गरिएको छ। यधपि, गाउँपालिकाको तथ्यांकलाई अझ व्यवस्थीत गर्नुपर्ने भएको हुँदा यसमा थप सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। यस प्रकार गाउँपालिकाले लिएको लक्ष्य पुरा गर्न र मध्यमकालिन खर्च संरचनाले देखाएका मार्गचित्र अनुसार लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप सुदृढ गर्दै लैजानु पर्ने आजको आवश्यकता रहेको छ।

अन्तमा, यस घिरिङ गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तयार गर्न उत्साहपूर्बक लागी पर्नुहुने प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, योजना, प्राविधिक शाखा लगायत सम्पूर्ण गाउँपालिका कर्मचारीहरुलाई हार्दिक धन्यवाद र बधाई दिन चाहन्छु।

**धन्यबाद !**

**होम बहादुर थापा**

**घिरिङ गाउँपालिका अध्यक्ष**

XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

## बिषयसूचीः


परिच्छेद एक: परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ मध्यकालीन खर्च संरचनाको उद्धेश्य ........ १

१.३ मध्यकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ २

१.४ मध्यकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ........ ४

१.५ मध्यकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ५

परिच्छेद दुई: घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना ........ ८

२.१ पृष्ठभूमि ........ ८

२.२ घिरिङ गाउँपालिकाका अवसर तथा चुनौतिहरु ........ ९

२.३ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ ११

२.३ मध्यमकालीन आर्थिक खाका ........ १२

२.४ मध्यमकालीन नतिजा खाका ........ १२

२.५ मध्यमकालीन बजेट खाका ........ १४

२.६ समष्टिगत आय प्रक्षेपण र विश्लेषण ........ १५

२.७ बिषय क्षेत्रगत बाँडफाँड ........ १७

परिच्छेद तीन: बिषयगत कार्यक्रम तथा आयोजनाको प्रक्षेपण ........ २०

३.१ आर्थिक क्षेत्रगत ........ २०

३.१.१ कृषि ........ २०

३.१.२ जलस्रोत तथा सिंचाई ........ २२

३.१.३ पशुपन्छि विकास ........ २२

३.१.४ बैंक, वित्तीय तथा सहकारी ........ २३

३.१.५ भाषा संस्कृति तथा पर्यटन ........ २४

३.१.६ उधोग ........ २५

३.२ सामाजिक विकास ........ २६

३.२.१ शिक्षा ........ २६

३.२.२ स्वास्थ्य ........ २८

३.२.३ युवा तथा खेलकुद ........ २८

**३.२.४ खानेपानी तथा सरसफाई** ........ २९

**३.२.५ लैंगिक समानता तथा सामाजिक समावेशिकरण** ........ ३०

**३.३ पुर्वाधार विकास** ........ ३०

**३.३.१ सडक तथा यातायात** ........ ३१

**३.३.२ भवन ,आवस तथा सहरी विकास** ........ ३१

**३.३.३ उर्जा** ........ ३२

**३.३.४ विज्ञान तथा प्रबिधि** ........ ३२

**३.४ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** ........ ३३

**३.४.१ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन** ........ ३४

**३.४.२ वन तथा जैविक विविधता** ........ ३५

**३.४.३ भू-संरक्षण तथा जलाधार ब्यबस्थापन** ........ ३६

**३.४.४ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन** ........ ३७

**३.५ कार्यलय संचालन तथा प्रशासनिक** ........ ३८

**परिच्क्षेद ४: बिषयगत खर्चको संकेतिकरण** ........ ४४

**४.२ जलबायु सांकेतिकरण** ........ ४५

## परिच्छेद एक: परिचय

### १.१ पृष्ठभूमि

मध्यकालीन खर्च संरचना सरकारको त्रिवर्षीय खर्च योजना हो । मध्यकालीन खर्च संरचनाले आवधिक विकास योजना र बार्षिक योजना बीचमा तादत्म्यता कायम गर्दै सार्वजनिक श्रोतको विनियोजन तथा परिचालनलाई प्रभाबकारी गराई योजनाको लक्ष्य हासिल गर्न टेवा पुर्याउदछ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत को प्रभावकारी व्यवस्थापन गर्न मध्यकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजार को रूपमा रहेको छ ।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४ ले संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्ततु गर्दा अनिवार्य रुपमा आगामी तीन बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रूपमा रहेको मध्यमकालीन खर्च संरचनाले उपर्युक्त लक्ष्यहरू पूरा गर्न सहयोग पुर्याउदछ ।

नेपालको संविधानको कार्यान्वयन, "समृद्ध नेपाल र सुखी नेपाली" कोवर्तमान सरकार को लक्ष्य एवं सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यहरू सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनु पर्दछ । यस ऐन अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वाखर्च छुट्याउन आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि समेत राखुपर्ने व्यवस्था छ। यसका अलावा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ। यसै प्रावधानलाई ध्यानमा राखी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधारहरू परिमार्जन गरी वस्तुगत रूपमा पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यहरू हासिल गर्ने दिशामा कार्यक्रम/आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ । साथै, यस खर्च संरचनामा आर्थिक वर्ष २०७९/०८० को हकमा बिनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ । यसैगरी विभिन्न क्षेत्रमा तीन वर्ष भित्र गरिएको लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत गरिएको छ । सोबमोजिम यस खर्च संरचना मा आगामी बर्षको आर्थिक बजेटको अनुमान तथा पछिल्लो दुई बर्षको बजेट प्रक्षेपण गरिएको छ ।

### १.२ मध्यकालीन खर्च संरचनाको उद्धेश्य

गाउँपालिकाको उपलब्ध सीमित स्रोत तथा साधन र आवश्यकताको आधारमा सार्वजनिक खर्च व्यबस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत को प्रभावकारी व्यवस्थापन गर्नु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य रहेको छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो। यो खर्च संरचना बजेट तर्जुमा गर्दा परंपरागत र अल्पकालीन सोचबाट हुनसक्ने कमजोरीलाई निवारण गर्ने सार्वजनिक वित्त व्यवस्थापन संबन्धि अवधारणा हो ।उपलब्ध स्रोत साधनलाई विकासका विभिन्न क्षेत्रमा बाँडफाँड गर्ने त्री-बर्षिय चक्रिय योजनाका रुपमा मध्यमकालीन खर्च संरचनाको आवश्यकता हुन्छ ।

तसर्थ, यो निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र बार्षिक बजेट बीच तादम्यता ल्याउन घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाले सेतुको काम गर्नेछ ।सीमित आर्थिक स्रोत तथा असीमित विकासका आवश्यकताबीच समन्वय गरि प्राथमिकताका आधारमा स्रोत विनियोजन गर्न मध्यमकालीन खर्च संरचनाको परिकल्पना गरिएको हो ।यसले सरकारसँग उपलब्ध साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा तीन बर्षको लागि बाँडफाँड गर्दछ ।नीतिगत परिवर्तन एवं खर्चको पुनर्वितरणलाई निर्देशित गर्ने स्रोत योजनाको मध्यमकालीन दृष्टि र बिभिन्न तहमा स्रोतको अनुमान योग्यता बढाउने संयन्त्रका रुपमा यो महत्वपूर्ण हुन्छ ।

यसका विशिष्ट उद्देश्यहरु:

१. घिरिङ गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोत को विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकताप्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्नु ।
२. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु ।
३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.३ मध्यकालीन खर्च संरचना तर्जुमाका आधारहरु

नेपाल सरकार ले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको लागि राष्ट्रिय आकांक्षा "समृद्ध नेपाल, सुखी नेपाली" विक्रम सम्वत् २१०० का सूचक सहित को पन्ध्रौं पञ्च वर्षीय योजना तयार गरेको छ।गण्डकी प्रदेश सरकार ले प्रदेशको प्रथम पञ्चवर्षीय योजना को आधार-पत्र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकार ले तय गरेका दीर्घकालीन लक्ष्य, अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धिसम्झौता, प्रदेश का नागरिकका विकासको चाहना, निर्वाचित जनप्रतिनिधि, विज्ञ तथा विभिन्न सरोकारवाला ले दिएका सुझाव र प्रदेश सरकारले सुरुवाती वर्ष मा घोषणा गरेका रुपान्तरणकारी नीति तथा कार्यक्रम लाई आधार मानेर तयार गरेको छ।

उक्त आधारपत्र मा गण्डकी प्रदेशको समग्र विकासको लागि अल्पकालीन लक्ष्य विक्रम सम्वत् २०७६/०७७ देखि २०८०/०८१, मध्यकालीन लक्ष्य वि.सं. २०७६/७७ देखि २०८७ र दीर्घकालीन लक्ष्य २०७६/०७७ देखि २१०० सम्मका लागि समृद्धि र सुख का मुख्य सूचकहरू निर्धारण गरिएका छन् ।विकास का परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तद अनुरुप आवधिक योजनाहरूमा घिरीङ

गाउँपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमीकमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ।

राष्ट्रिय रुपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि घिरिङ गाउँपालिकाको आर्थिक, सामाजिक, गरिवी, पूर्वाधारको विशिष्टता अनुरुपको नीति र सोअनुसारका कार्ययोजना विगतमा बन्न सकेनन् ।यसको प्रथम प्राथमिकताको रुपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुने गरी घिरिङ गाउँपालिकाको विकास नीतिका आधारहरूको तय गर्नु रहेको छ।

सानो र बिकट भूगोल, सो भित्र छरिएर रहेका बस्तीहरू, कृषि मा आधारित परम्परागत जीविकोपार्जन पद्धति, बाहिरी दुनियासँग उत्पादकको सम्पर्कको अभाव, अशिक्षा, बेरोजगारी, गरिबी, खाद्यान्न अभाव र सामाजिक कुरीतिहरूको कारणले घिरिङ गाउँपालिका पिछडिएको क्षेत्रको रुपमा परिचित छ।तत्कालको लागि यस क्षेत्रको कुल गार्हस्थ उत्पादन गणना गर्न कठिन भए पनि नेपालको कुल गार्हस्थ उत्पादन मा यस क्षेत्रको योगदान निकै कम रहेको सजिलै आँकलन गर्न सकिन्छ।मौसममा आधारित कृषि उत्पादन, पर्यटन, ऊर्जा र बिप्रेषण यस गाउँपालिकाको समग्र अर्थतन्त्रको मुख्य आयाम हुन्।

नेपालमा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा धैरै समस्याहरू विद्यमान थिए । खासगरी आवधिक योजना र वार्षिक कार्यक्रम बीचमा तादाम्यता नरहने, कुनै आयोजनामा आवश्यक बजेट नछुट्याइनु, कुनै आयोजनामा आवश्यकता भन्दा बढी बजेट छुट्याइनु, दिगो नहुने खर्चिलो आयोजनामा पनि निरन्तर रूपमा बजेट विनियोजन हुनु, बजेटको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजनाहरू सञ्चालनमा रहनु यस्ता प्रमुख समस्याहरू हुन । सार्वजनिक खर्चमा देखिएका यी समस्याहरूलाई सम्बोधन गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोग २०५७ ले मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको सिफारिश गरेको थियो।यसलाई ध्यानमा राखी दशौं योजना (२०५९-६५) सँगसँगै मध्यमकालीन खर्च संरचना योजनासँग तालमेल हुने गरी तर्जुमा तथा कार्यान्वयन गर्न थालिएको थियो । नेपालमा पहिलो पल्ट आर्थिक वर्ष २०५९/६० देखि यस्तो खर्च संरचनाको शुरुआत भएको थियो । शुरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता मुख्यक्षेत्रमा यसको शुरुआत गरिएको थियो । यसले आवधिक योजना र वार्षिक बजेट बीच तादाम्यता कायम गर्ने,विकास आयोजना/कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्यहरू पूरा गर्ने गरी स्रोत साधनको सदुपयोग गर्ने तथा पहिलो प्राथमिकतामा परेका परियोजनाहरूमा स्रोतको सुनिश्चितता गर्नेउद्देश्य लिएको थियो र यसबाट वित्त अनुशासन र आर्थिक स्थायित्वको अपेक्षा गरिएको थियो।

शुरुका ५-६ वर्षसम्म यस खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्न प्रयास गरिएको र त्यसकोफलस्वरूप यसका उद्देश्यहरू खासगरी वित्त अनुशासन र खर्चको रणनीतिक रूपमा विनियोजन कार्यमा सहयोगपु¥याएको थियो । तर, यस खर्च संरचना तर्जुमा गर्न कानुनी वाध्यता नरहेको आदि कारणले त्यस पछिका केहीवर्षहरूमा यसको तर्जुमालाई निरन्तरता दिन सकिएन । तर हाल अन्तर

सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लेकानूनी रूपमा यसलाई अनिवार्य गरेपछि यसै खर्च संरचनालाई संस्थागत गर्दै सबै प्रदेश सरकार तथा स्थानीय तहले निर्माणको पहल गरे सँगै घिरिङ गाउँपालिकाले पनि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ का आधारमा आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तयार गरेको छ ।

## १.४ मध्यकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय ध्येयहरु पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, यसलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिवद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वब्यापी लक्ष्य हो। यसमा सन् २०३० सम्ममा हासिल गर्नेगरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तब्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकासका लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन्।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय स्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ। जसअनुसार आय वृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्ङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन नमूना। तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रबलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक



XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पूँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकोले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कार्यजिम्मेवारीभित्र रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य- १० (असमानताको न्यूनीकरण। सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् । स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् ।

उपर्युक्त पृष्ठभूमिमा घिरिङ गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउन जरुरी देखिएको छ ।

### १.५ मध्यकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

**क. मध्यकालीन खर्च संरचना तर्जुमा सम्बन्धि कार्यदलः**

| क्र. स | नाम थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | रामु पराजुली | प्रमुख राजस्व शाखा | सदस्य |
| ३ | धुर्व राज लामिछाने | प्रमुख, प्रशासन, शाखा | सदस्य |
| ४ | | प्रमुख, सहकारी शाखा | सदस्य |
| ५ | मनोज श्रेष्ठ | प्रमुख, पशु शाखा | सदस्य |
| ६ | समिक्षा ढकाल | प्रमुख, कृषि शाखा | सदस्य |
| ७ | अभिनाश ढकाल | लेखा शाखा, स.ले.पा. | सदस्य |
| ८ | माधव प्रसाद घिमिरे | प्रखुम, पूर्वाधार शाखा | सदस्य |
| ९ | पुष्प थापा | प्रमुख, महिला, बालबालिका तथा | सदस्य |

| | | | |
|---|---|---|---|
| | | समाज कल्याण शाखा | |
| १० | धुर्ब राज लामिछाने | प्रमुख, जिन्सी उपशाखा | सदस्य |
| ११ | बिष्णु प्रसाद पोखरेल | प्रमुख, सूचना तथा प्रविधि शाखा | सदस्य |
| १२ | रोमकला सिंजाली | रोजगार संयोजक | सदस्य |
| १३ | | योजना अधिकृत | सदस्य-सचिव |

ख. त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी:

गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा कार्यपालिकामा नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गरियो। सम्बन्धित शाखाहरूले मध्यमकालीन खर्च संरचना प्राविधिककार्यदलको संलग्नतामा कार्यगत रूपमा स्थानीय बजेट तथा स्रोत समिति समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरियो। स्रोत समितिले पालिकाको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्यउत्पादनको प्रक्षेपण, बित्तीय स्थिति, शोधनान्तर स्थिति, व्यापार स्थिति, बाह एवम् आन्तरिक वित्तीयसाधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरियो ।

ग. बजेट सीमा र मार्गदर्शन पठाउने :

स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र क्षेत्रगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरि सम्बन्धित बिषय क्षेत्र समितिहरू तथा शाखाहरुमा पठाइएको मा आयोजनाहरूमा मार्गदर्शनसहित बजेटको सिमा तथा आयोजनाहरुको आवश्यक संशोधन सहित मध्यमकालीन खर्च संरचना प्राविधिक समितिमा पठाइयो ।

घ. आयोजना छनौट तथा प्राथमिकिकरण :

प्राथमिकताको रुपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुने गरी घिरिङ गाउँपालिकाको विकासनीतिका आधारहरूमा सबै बिषय क्षेत्रगत समितिहरुमा छलफल गरि आयोजनाहरुको छनौट तथा प्राथमिकिकरण गरियो ।

ङ. कार्यक्रम तथा बजेट तयार गरी गाउँसभामा पेश गर्ने :

बिषय क्षेत्र समितिहरू तथा शाखाहरूलेतयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही मध्यमकालीन खर्च संरचना प्राविधिक समितिले त्रिबर्षीय खर्च प्रक्षेपणसहितको बजेट तयार गरी निर्देशक समितिमा पठाइयो । उपरोक्तानुसार प्राप्त भएको बजेटको आधारमाआफ्नो समेत बजेट तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा सूत्रमा प्रविष्टि गरी सम्बन्धित बिषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइयो । सम्बन्धित बिषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको आफ्नो बजेट समेत तयार गरी सूत्रमा प्रविष्टि गर्ने र आफ्नो एवम् अन्तर्गतका



XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

आयोजना/निकायहरूको बजेट उपर छलफल गरी अन्तिम टुगों लगाई मध्यमकालीन खर्च संरचना प्राविधिक समितिमा पठाइयो ।

**च. कार्यक्रम तथा बजेट उपर बिषयगत समितिमा छलफल :**

सम्बन्धित बिषय क्षेत्र समितिहरू तथा शाखाहरूबाट तयार गरीपठाएको बजेट अनुमान चालु खर्च, पुँजीगत खर्च एवं वित्तीय व्यवस्थापन सहितको कार्यगत र निकायगत रूपमा छलफल मध्यमकालीन खर्च संरचना प्राविधिक समितिमा गरियो । यसमा निर्देशक समितिको पनि सहभागिता रहेको थियो । निकायगत रूपमा बजेटको छलफल टुङ्गिएपछि मध्यमकालीन खर्च संरचना प्राविधिक समितिले बजेटको मस्यौदा तयार गरी आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्र समितिहरू तथा शाखाहरू समेतको परामर्शमा बजेटको अन्तिम मस्यौदा तयार गरियो ।

**छ. गाउँसभामा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्ने :**

राजस्वको प्रक्षेपण, बिभिन्न क्षेत्रबाट प्राप्त हुने अनुदान एवम्ऋण सहायता, आन्तरिक ऋणको प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम्योजनाले निर्धारित गरेको आगामी वर्ष संचालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी गाउँसभामा पेश गरि मध्यमकालीन खर्च संरचना गाउँसभाबाट स्वीकृत गरिनेछ।

**ज. सुझाव संकलन तथा अन्तिम दस्तावेज तयारी चरण :**

सुझाब संकलन कार्यक्रममा गाउँकार्यपालिका तथा विषयगत समितिका पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत विषयगत शाखाका प्रमुख र स्थानीय विकासका सरोकारवालाहरुको सहभागिता रहेको थियो। मध्यकालीन खर्च को संरचनाको मस्यौदा दस्तावेजलाई वडास्तरमा सरोकारवालाहरू माझ प्रस्तुत गरी सुझाव संकलन गरियो। मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना प्राथमिकता, श्रोत विनियोजन तथा साङ्केतीकरण समेत मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाव तथा पृष्ठपोषण प्राप्त गरियो। उपरोक्त मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो। यस क्रममा आवश्यक सूचनालाई शाखाहरुसंगको समन्वयनमा अद्यावधिक गरियो |

## परिच्छेद दुई: घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

**तनहुँ जिल्लामा स्थित एक प्रमुख गाउँपालिका** जुन भिरालो धरातलिय स्वरुपले बनेको छ र यस गाउँपालिका समुन्द्र सतहबाट ३०० मीटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएर रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १२६ वर्ग किलोमीटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा स्यांजा जिल्लाको चापाकोट नगरपालिका, उत्तरमा भिमाद ना र .पा.दक्षिणमा नवलपरासी बौदीकाली गाउँपालिका र पाल्पा जिल्लाको रामपुर नगरपालिका पर्दछन् । राजनैतिक विभाजनका हिसाबले या गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं .३ मा र इलाका नं .९ अन्तरगत रहेको छ । जनसंख्याको हिसाबले १८,०४९ जना रहेको छ भने हिन्दु धर्मालम्बीहरुको बाहुल्यता संगै अन्य बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मालम्बीहरुको बसोबास रहेको छ ।

नेपाली समाजमा आएको परिवर्तन तथा राज्यले लिएको संरचनागत परिवर्तनको नीति अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएको छ । विकासका सम्भावनाहरू तथा स्थानीय बासिन्दाहरूको आधारभूत मागको आधारमा गाउँपालिका स्तरमा आवधिक योजनाको सुरूवात भए अनुसार घिरीङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने यो प्रथम प्रयास हो । नेपालमा दशौं राष्ट्रिय योजनादेखि नै केन्द्रीय तहमा मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको अभ्यास बालनी गरिएको हो। वर्तमान सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ। तीनवटै तहका सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट खर्च अनुमान सहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । जसअनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ।

नगरपालिकाले तय गरेका दीर्घकालीन सोंच सहितको प्रथम आवधिक विकास योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ । आर्थिक वर्षका (२०७९/८०-२०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खचं संरचनाले उपरोक्त योजनाहरूको सोच, उद्देश्य, रणनीति र प्राथमिकता, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रूपमा लिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले नगर विकासमा तुलनात्मक लाभका विषय, प्राथमिकता र विकास कार्यक्रमलाई समेट्ने प्रयास गरिएको छ ।

## २.२ घिरिङ गाउँपालिकाका अवसर तथा चुनौतिहरु

भौगोलिकता आधारमा भिरालो स्वरूप भएको घिरिङ गाउपालिकामा विभिन्न अवसरहरू र चुनौतिहरू अवलोकन गर्न सकिन्छ। यसले स्थानीय जनसंख्यालाई विकासका अवसर प्रदान गर्दछ, त्यसैले स्थानीय अर्थतन्त्रलाई मजबूत बनाउँदैछ। पर्यटन, कृषि, उद्योगिकरण, शिक्षा, र स्वास्थ्य सेवाहरूको प्रदानमा सम्बन्धित स्थानीय संस्थाहरू र सरकारी संस्थाहरूको सहयोग र मिलन समृद्ध गर्दछ। गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायीक विकासको बाटोमा अघि बढ्न गाउँ सरकार दृढ छ। योजनाबद्ध र प्राथमिकताको आधारमा विकास निर्माणका कामहरू हुनुपर्छ भने मान्यतामा आधारित जनउत्तरदायी, पारशी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने विधास रहेको छ।

घिरिङ गाउपालिका कृषि तथा पशुपालनमा व्यावसायिकताको अभिवृद्धिका कारण स्थानीय आर्थिक विकासमा प्रगति गरिरहेको छ। यस क्षेत्रको प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोगबाट अवसरहरू सिर्जना भएका छन्। कालिगण्डकी नदी, मध्यमस्तरका खोला र खोल्साहरु, रहेकोले जलविद्युत तथा सिंचाई सुविधा विस्तारका लागि अवसर सिर्जना गरेको छ । विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ। उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु प्रमुख चूनौतिहरू हुन्।

यसका साथै विश्वव्यापी रूपमा देखा परेको उच्चस्तरको मूल्य वृद्धि र वातावरणीय द्वास तथा जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिम लक्ष्य प्राप्तिका अवरोधका रूपमा देखिएका छन् । जटिल भौगोलिक बनोटका कारण बढ्दो विकास लागत, बढ्दो प्रशासनीक एवं चालु खर्च एवं जनताको बढ्दो माग एवं आवश्यकताका साथै जलवायुजन्य परिवर्तन र यसले सिर्जना गरेको आर्थिक तथा सामाजिक प्रभावले विकासको प्रतिफल हासिल गर्न कठिनाइ उत्पन्न गरेको छ। व्यवस्थित शहरी विकास, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाइ सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोगमा आशातित उपलब्धि हासिल हुन सकेको छैन।

सीप विकास, प्राकृक्तिक श्रोतहरूको दिगो परिचालन, सुदृढ बजारीकरण प्रणाली, स्थानीय उत्पादनको मूल्य श्रृखंलामा आवद्धता, युवा स्वरोजगारीका अवसरको सिर्जना र दिगो पूर्वाधार निर्माणको कमी रहेको छ । स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, सुमन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु चूनौतिपूर्ण रहेको छ। वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान,

प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य ययोचित रूपमा अगाडी बढेको छैन ।यसका साथै मुख्य अवसर तथा चुनौतिहरु निम्नानुसार रहेका छन् ।

अवसर

- स्थानीय उत्पादन विकास: घिरिङ गाउँपालिकामा स्थानीय उत्पादन विकासका लागि अवसर प्रदान गर्दछ। उत्पादन प्रवृत्तिहरूको समर्थन र विकास, जसमा धान, मकै, तारा, अनाजहरूको उत्पादन र सञ्चालनलाई मजबूत गर्न सक्छ।
- स्थानीय विकास योजनाहरू: स्थानीय विकास योजनाहरूको विकासमा अवसरहरू छन् जसले सामुदायिक विकास, संरचनात्मक विकास, र सामाजिक न्यायको सुनिश्चितता गर्न सक्छ।
- पर्यटन उद्योगको विकास: पर्यटन उद्योगको विकासमा घिरिङको प्राकृतिक सुन्दरता, ऐतिहासिक स्थलहरू, र स्थानीय संस्कृति र परम्पराहरूको प्रदर्शनका अवसरहरू छन्।
- पर्यटन उद्योगको विकास: घिरिङ प्राकृतिक सुन्दरता र ऐतिहासिक स्थलहरूमा स्थित छ जसले पर्यटन उद्योगको विकासका लागि अवसर प्रदान गर्दछ। विभिन्न पर्यटकीय स्थलहरू, धार्मिक स्थलहरू, र प्राकृतिक संसारलाई आकर्षित गर्न सक्छ।
- कृषि तथा उद्योगिकरण: कृषि उत्पादन र उद्योगिकरणमा स्थानीय संस्थाहरूको समर्थन र विकासले स्थानीय अर्थतन्त्रलाई मजबूत गर्दछ। यसले रोजगार निर्माण र स्थानीय उत्पादनको बढोतरीमा मद्दत गर्दछ।
- शिक्षा र स्वास्थ्य सेवा: उच्च गुणस्तरको शिक्षा र स्वास्थ्य सेवाहरूको प्रदान गर्न सक्छ। यसले सामुदायिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ, जसमा सबैलाई शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवसर प्रदान गर्दछ।

चुनौतिहरु

- असमान विकास र सामाजिक असमानता: समाजिक र आर्थिक असमानताले उत्पन्न गरिएको विकासको चुनौती प्रदान गर्दछ। स्थानीय जनसंख्यालाई समान पहुँच, विकास, र सेवाहरूको उपलब्धता गराउन महत्त्वपूर्ण छ।
- पर्यावरण संरक्षण: प्राकृतिक संसारको संरक्षण र अनुरक्षणमा सावधानीका बिन्दुमा चुनौती प्रदान गर्दछ। जल, वन्यजन्तु, तथा प्राकृतिक संसारको सम्पर्कमा रहेका समस्याहरूले स्थानीय जीवनधारामा असर पार्न सक्छ।
- अपर्याप्त संसाधन र प्रबन्धन: घिरिङ गाउँपालिकामा संसाधनहरूको अभाव र प्रबन्धनका चुनौतीहरू छन्। स्थानीय संसाधनहरूको उपयोग, प्रबन्धन, र विकासमा समृद्धिलाई सुनिश्चित गर्न महत्त्वपूर्ण कदमहरू चाहिएको छ।

## २.३ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्‌देश्य

**दीर्घकालीन सोच**

**नेपाल सरकारले लिएको 'समृद्ध नेपालः सुखी नेपाली र गण्डकी प्रदेश सरकारले लिएको समृद्ध प्रदेश, सुखी नागरीक दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी तयार गरिएको घिरिङ गाउँपालिकाको दीर्घकालीन सोच निम्नानुसार रहेको छ।**

**“ कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार” यही भावनालाई आत्मसाथ गरी गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक पर्यटकिय विकासका उद्‌देश्य, लक्षय, रणनीति र कार्यनीति तय गरिएको छ।**

**लक्ष्य**

**दिगो शान्ति, सुशासन, विकास र समृद्धिका जनअपेक्षालाई सम्बोधन गर्द गाउँपालिकाको विकासको लागी प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनको अधिकतम मात्रामा परिचालन गरी समृद् घिरिङ निर्माणको आधार तयार गर्ने ।**

**उद्‌देश्यहरू**

- **उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु ।**
- **गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्भसुलभ पहुँचको सुनिश्चितता गर्नु।**
- **वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्‌वारा पर्यटन र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु**
- **वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै बिपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्नु ।**
- **सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृदि हासिल गर्नु ।**
- **दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, लैङ्गिक समानताद्‌वारा उच्च आर्थिक वृद्धि हासिल गर्न**

### २.३ मध्यमकालीन आर्थिक खाका

राज्यले, प्रदेशले र घिरिङ गाउँपालिकाले लिएको दीर्घकालीन सोच र उद्देश्य अनुरुप तीन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य तथा नतिजा सूचक निर्धारण गरिएको छ र सोहि अनुसार ३ बर्षको समष्टिगत आर्थिक खाका देहायबमोजिम रहेको छ ।

**तालिका १: समष्टिगत आर्थिक खाका तथा मध्यकालीन लक्ष्य**

| क्र.स | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन परिलक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० यथार्थ | २०८०/०८१ अनुमान | २०८१/०८२ प्रक्षेपण |
| १ | वार्षिक खाधान्न उत्पादन | मेटिक टन | | | | |
| २ | औसत पारिवारिक आय | रू. लाखमा | ३०० | २८० | ३०० | ३५० |
| ३ | गाउँपालिकामा दर्ता भएका उधोग व्यबसाय | संख्या | १०३ | ८९ | १०३ | ११९ |
| ४ | औपचारिक व्यबसायमा रोजगारी सिर्जना | जना | ५०० | | | |
| ५ | आधारभूत खाध सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ४५.८६ | ४० | ४६ | ५० |
| ६ | आम्दानीको दुई तिहाई बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७५ | ७३ | ७० | 65 |
| ७ | कृषि उपज बेचबिखन गर्ने घर परिवार | प्रतिशत | १९ | २१ | २३ | २५ |
| ८ | आर्थिक बृदधि | प्रतिशत | ४ | ५ | ६ | ६.५ |
| ९ | प्रतिव्यक्ति बार्षिक आय | रू. हजार | ८० | १०० | १२० | १४० |

### २ ४.मध्यमकालीन नतिजा खाका

विगतका आर्थिक बर्षहरुको उपलब्धि र गत आर्थिक बर्षको उपलब्धिको आधारमा २०८१/०८२ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो बर्षको लक्ष्य बर्तमान आवधिक विकास योजना र विगत वर्षहरूको अनुमानित उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका २.२ प्रमुख विषयगत सूचक तथा मध्यमकालीन परिलक्ष्य

| क्रस. | सूचक/लक्ष्य | एकाई | हाल को आवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण |
| १. | ५ बर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | ५ | ७ | ३ | ० |
| २. | साक्षता दर १५) बर्ष माथि( | प्रतिशत | ७० | ६५ | ७५ | ८५ |
| ३. | प्राबिधिक वा व्यावसायिक तालिम प्राप्त जनसंख्या | संख्या | | | | |
| ४. | रोजगारी औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | २७ | २५ | ३० | ३५ |
| ५. | कृषि पर्यटक क्षेत्र निर्माण | संख्या | - | - | २ | ५ |
| ६. | समूहमा आबद्ध कृषक | संख्या | १६० | १२० | १७० | २०० |
| ७. | बार्षिक मासु उत्पादन | मेटन. | २० | १८ | २५ | ३० |
| ८. | गाउँपालिकामा भ्रमण गर्ने पर्यटक | संख्या | ८०० | ७०० | ९०० | ५००० |
| ९. | बैंकमा खाता भएका नागरिक | प्रतिशत | ५९ | ५० | ६५ | ८० |
| १०. | कुल सडकमा कालोपत्रे सडकको अनुपात | प्रतिशत | ०.०४ | ०.०२ | ०.०६ | ०.१० |
| ११. | ३० मिनेट दुरीमा यातायात पहुच भएका जनसंख्या | प्रतिशत | ७० | ६० | ८० | ९५ |
| १२. | बिद्युतमा पहुच प्राप्त परिवार | प्रतिशत | ९३ | ९० | ९५ | १०० |
| १३. | सुरक्षित आवशमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ८५ | ८० | ९० | ९५ |
| १४. | खाना पकाउन बिद्युत उपभोग गर्ने परिवार | प्रतिशत | १० | ६ | १५ | ३० |
| १५. | आधारभूत खानेपानी सुबिधा पुगेका घरपरिवार | प्रतिशत | ३९० | ३५० | ४५० | १००० |
| १६. | विपदका घटनाबाट बार्षिक प्रभावित परिवार | प्रति हजार | २२ | २५ | २० | १८ |
| १७. | एकीकृत वस्ती विकास एरिया | संख्या | - | - | - | - |
| १८. | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | | | |
| १९. | मानव विकास सूचांक | अंक | ०.५०६ | - | - | ०.५० |
| २०. | औषत आयु | बर्ष | ७१ | ७१ | ७२ | ७३ |
| २१. | भवन मापदण्ड अनुसार निर्माण भएका घर | प्रतिशत | - | - | - | ५० |
| २२. | इन्टरनेट र सूचना प्रबिधिमा पहुच भएका जनसंख्या | प्रतिशत | ०.१० | ०.०८ | ०.१५ | २५ |
| २३. | वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ५७ | ५७ | ५८ | ६० |
| २४. | कुल बजेटमा आन्तरिक श्रोतको हिस्सा | प्रतिशत | - | - | - | - |
| २५. | बर्षैभरि सिचाई सुबिधा उपलब्ध जमिन अनुपात | प्रतिशत | २५ | २३ | २५ | ३५ |
| २६. | प्रति व्यक्ति बार्षिक बजेट लगानी | रु हजार . | - | - | - | - |
| २७. | न्यायिक समितिबाट भएका उजुरी | प्रतिशत | - | - | - | - |
| २८. | बार्षिक बजेटमा बेरुजु अनुपात | प्रतिशत | २ | २.८३ | २ | १ |

### २.५ मध्यमकालीन बजेट खाका

मध्यमकालीन स्रोत पूर्वानुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, वर्तमानको वस्तुगत अवस्था र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। मध्यमकालीन बजेट खाका तर्जुमा गर्दा दिगो विकास लक्ष्यको मार्गचित्र सहित आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, पूर्वानुमान योग्यता र वित्तीय सुशासनलाई महत्व दिंदै यस मध्यमकालीन खर्च संरचनाले दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा सघाउ पुर्याउँदै वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना र कार्यक्रमको प्रभाबकारी कार्यान्वयनलाई जोड दिएको छ।

चालू आर्थिक वर्षमा कुल बजेट करिव ४७ करोड पचासी लाख रहेकोमा आगामी वर्षमा करिब १.०३ प्रतिशतले बृदी हुन सक्ने देखाइएको छ। यस क्रममा कुल बजेट अन्तर्गत आन्तरिक राजश्वको हिस्सा गत बर्षमा चालू वर्षमा १६.१० प्रतिशत रहेको र चालु आर्थिक वर्षमा १९.२४ भई आगामी बर्षमा १८.३८ को हाराहारी योगदान हुने देखिएको छ। कुल आयमा बृदी भएपनि आन्तरिक आय मा ह्रास आई कुल बजेट अन्तर्गत आन्तरिक आयको योगदान घटेर जाने देखिएको छ ।प्रस्तुत तालिकामा गाउँपालिकाको कुल राजश्व, आय र खर्चका सिमालाई लेखाजोखा गर्दा अघिल्लो आर्थिक वर्षमा खर्च हुन नसकेर बचत रहेको रकम (बैंक मौज्दात) लाई समेत गणना गरिएको छ।

तसर्थ, पुरानो बर्षहरुमा हुने गरेको बचत केही कमी भए पनी आर्थिक बर्ष २०७९/०८० लाई आधार मान्ने हो भने यस गाउँपालिकाको आगामी आर्थिक वर्षहरुमा २ देखि ३ करोड सम्म बचत रहने तथ्यांकले दर्शाउछ। समग्रमा तीन वर्षको (२०७९/०८०-२०८१/०८२) अवधिमा कुल आय रु. १ अर्व ३७ करोड ८२ लाख ७५ हजार (प्रचलित मूल्यमा। रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालन तर्फ आन्तरिक आयबाट, राजस्व बांडफाटवाट, नेपाल सरकारको वित्तीय हस्तान्तरणवाट प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट भएको/ हुने सम्पूर्ण आय लाई तालिका २.३ मा उल्लेख गरिएको छ।

**तालिका २.३: गाउँपालिकाको त्रीबर्षिय आय प्रक्षेपण**

| राजस्व शिर्षक | हालको यथार्थ | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आन्तरिक आय | ३,९६,७५,४७८.०७ | ६,७०,१०,०१३ | ९,१५,०६,१०० | ९,००,००,००० |
| राजस्व बाडफाड | | | | |
| संघीय सरकार | ४,५१,८३,१७६.७५ | ५,५९,५९,५५४ | ८,१४,१६,९०० | ८,२४,००,००० |
| प्रदेश सरकार | ५३,४४,५१९.३६ | ६,०९२,३१७ | ६०,८९,००० | ६०,९५,००० |
| अनुदान तथा वित्तीय हस्तान्तरण | | | | |

| | | | | |
|---|---|---|---|---|
| संघीय सरकार | २३,०३,७४,६३२.६० | २७,०९,१३,६५८ | २७,५०,०८,००० | २८,००,००,००० |
| प्रदेश सरकार | १,३९,२०,७५०.०० | १,६२,२३,०१८ | २,४५,६१,००० | २,५०,००,००० |
| अन्य आन्तरिक अनुदान | - | - | - | - |
| जम्मा | ३३,४४,९८,५५६.७८ | ४१,६१,९८,५६१ | ४७,८५,८१,००० | ४८,३४,९५,००० |
| कुल आयमा आन्तरिक आयको योगदान( प्रतिशत) | ९.५५ | १६.१० | १९.२४ | १८.६१ |

## २.६ समष्टिगत आय प्रक्षेपण र विश्लेषण

**मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्दा गाउँपालिकाको तीन वर्षको शीर्षकगत आय र राजश्व अनुमान एवम् प्रक्षेपणलाई विभिन्न आधारमा तुलनात्मक विश्लेषण गर्नुपर्ने हुँदा गत आर्थिक वर्षको यथार्थ, चालु वर्षको अनुमान र आगामी आर्थिक वर्षको शीर्षकगत आय सम्भाव्यता तालिका २.४ मा प्रस्तुत गरिएको छ।**

**तालिका २.४: शीर्षकगत आय सम्भाव्यता**

| राजस्व शिर्षक | हालको यथार्थ | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आन्तरिक आय | | | | |
| एकीकृत सम्पति कर सम्पति) कर | - | ५,०७६ | १,००,००० | १,५०,००० |
| भुमि कर मालपोत / | ५,०३,३७४.४७ | ४,८८,८५३.४० | ८,००,००० | ८,५०,००० |
| घर बहाल कर | ९५,२०० | १,८७,३४२ | ५,००,००० | ५,५०,००० |
| वहाल बितौरी कर | - | १,१३,११५ | ५००००० | ६,००,००० |
| अन्य कर(प्रदुषण समेत) | - | - | - | - |
| सरकारी सम्पतिको बहालबाट प्राप्त आय | - | - | १,००,००० | २,००,००० |
| अन्य बिक्रिबाट प्राप्त रकम | - | - | - | - |
| अन्य सेवा शुल्क तथा बिक्रि ,ढुङ्गा) बालुवा , गिट्टीबिक्रि( | ४८,५९४ | ४,१५,२३९ | ४,५७,७४,७३७ | ४,७०,००,००० |
| परिक्षा शुल्क | - | २३,६०० | १,००,००० | ९०,००० |
| अन्य प्रशासनिक सेवा शुल्क | - | - | - | - |
| नक्सापास दस्तुर | ५०० | ४०० | ९०,००० | १,००,००० |
| सिफारिस दस्तुर | १३,९०,५२३.३५ | १५,५५,३५१.८३ | २०,००,००० | २०,५०,००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५,५३,६०० | ३,५०,३७८ | ५,८०,००० | ६,००,००० |
| नाता प्रमाणित दस्तुर | १४,००० | ५,५०० | २०,००० | ३०,००० |
| अन्य दस्तुर (नवीकरण ,अनुमति ,दर्ता) | - | - | - | - |
| व्यवसाय रजिस्ट्रेसन दस्तुर | ४,००० | ३,४५० | ५०,००० | ८०,००० |
| प्रशासनिक दण्ड जरिवाना ,र जफत | - | २०,००० | ३०,००० | १,००,००० |
| अन्य राजस्व( पार्किङ समेत) | १२,८२,५४४.२४ | ४६,०४,९४७.६७ | १६,००,००० | १७,००,००० |
| व्यवसाय कर | १,६८० | ११,६३२ | १,००,००० | १,१०,००० |
| पुँजीगत हस्तान्तरण | - | ३३,००,००० | २३,७१,००० | २७,००,००० |
| बेरुजु | - | - | १०,००,००० | ८,००,००० |

| | | | | |
|---|---|---|---|---|
| राजस्व   बाँडफाँड | | | | |
| संघिय सरकार | ४,५१,८३,१७६.५७ | ५,६३,९४,९५७.६१ | ८,१४,१६,९०० | ८,२४,००,००० |
| बाँडफाँड भई प्राप्त हुने मुकर.अ. | ४,५१,८३,१७६.७५ | ५,५९,५९,५५४.६२ | ८,१४,१६,९०० | ८,२४,००,००० |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क: | - | - | | |
| बाँडफाँड भई प्राप्त वन विद्युत /रोयल्टी | - | - | - | |
| प्रदेश सरकार | ५३,४४,५१९.३६ | ६०,९२,३१७.२ | ६०,८९,००० | ६०,९५,००० |
| घरजग्गा रजिस्ट्रेसन दस्तुर | - | ४,३५,४०३.२० | ३,८३,००० | ३,८६,००० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ५३,४४,५१९.३६ | ५६,५६,९१४ | ५७,०६,००० | ५७,०९,००० |
| बाँडफाँडबाट प्राप्त हुने मनोरन्जन कर | - | - | - | -- |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | - | - | - |
| अनुदान तथा वित्तीय हस्तान्तरण | | | | |
| संघिय सरकार | २३,०३,७४,६३२.६० | २७,०९,१३,६५८.५१ | २७,५०,०८,००० | २८,००,००,००० |
| समानिकरण अनुदान | ६,२१,७८,२८९.६० | ८,८२,४५,००० | ८,३९,००,००० | ८,५५,७८,००० |
| शसर्त अनुदान चालु | १६,०१,१७,७८० | १५,५०,९६,४१९.४० | १६,३१,०८,००० | १६,५८,८०,००० |
| शसर्त अनुदान पुंजीगत | १३,३३,३०० | १,०९,३८,९५२.११ | २०,००,००० | २०,६०,००० |
| बिषेश अनुदान चालु | - | - | - | - |
| बिषेश अनुदान   पुंजीगत | १७,४५,२६३ | १,३६,७१,७२९ | ७५,००,००० | ७६,३५,००० |
| समपुरक अनुदान चालु | - | - | - | - |
| समपुरक अनुदान   पुंजीगत | ५०,००,००० | २९,६१,५५८ | १,८५,००,००० | १,८८,४७००० |
| अन्य अनुदान चालु | - | - | - | - |
| अन्य अनुदान स्थानीय पुर्वाधार साझेदारी)<br>( | - | - | - | - |
| प्रदेश सरकार | १,३९,२०,७५० | १,६२,२३,०१८ | २,४५,६१,००० | २,५०,००,००० |
| समानीकरण अनुदान | ७९,२०,७५० | ९२,१२,६२५ | १,०५,६१,००० | १,०६,६०,००० |
| शसर्त अनुदान चालु | १०,००,००० | - | ४०,००,००० | ४१,००,००० |
| शसर्त अनुदान पुंजीगत | - | - | - | - |
| बिषेश अनुदान चालु | २०,००,००० | ४५,७६,५४९ | ४०,००,००० | ४१,००,००० |
| बिषेश अनुदान   पुंजीगत | - | - | - | - |
| समपुरक अनुदान चालु | - | २४,३३,८४४ | - | - |
| समपुरक अनुदान   पुंजीगत | ३०,००,००० | - | ६०,००,००० | ६१,४०,००० |
| अन्य अनुदान चालु | - | - | - | - |
| अन्य अनुदान स्थानीय पुर्वाधार साझेदारी | - | - | - | - |
| अन्य आन्तरिक अनुदान | | | | -- |
| अन्य संस्थागत आन्तरिक अनुदान | - | - | - | - |
| अन्य व्यक्तिगत आन्तरिक अनुदान | - | - | - | - |
| वित्तीय सम्पति तथा दायित्व | - | - | - | - |
| नगद | - | - | - | - |
| बैंक मौजदात | ३,५७,८१,४६२.०१ | ५,५९,२५,१२८.४१ | ३,५७,८१,३६२ | ३,२२,९०,००० |
| अन्य संस्थाबाट ऋण प्राप्ति | - | - | - | - |
| तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | - | - | - | - |
| जम्मा राजस्व सम्पति र ,अनुदान , | ३३,४४,९८,५५६.७८ | ४१,६१,९८,५६१.६३ | ४७,८५,८१,००० | ४८,३४,९५,००० |

## २.७ बिषय क्षेत्रगत बाँडफाँड

**बिषय क्षेत्र/उपक्षेत्र गत बजेट तथा खर्चको अनुमान, कार्यक्रम सम्बन्धि विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ तालिकाले गत आर्थिक बर्ष संगसंगै चालु तथा आगामी आर्थिक वर्षको खर्च प्रक्षेपण बारे प्रष्टाउछ।**

**तालिका २.५: बिषय क्षेत्रगत खर्चको बांडफांडको प्रक्षेपण**

| क्र स. | उप-शिर्षक | हाल को आवस्था | आगामी बर्षको खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान | २०८१/८२ अनुमान |
| | | | **आर्थिक बिकास क्षेत्र** | | |
| १. | कृषि | १२,५३,४५४ | ६१,५६,८४० | ४०,००,००० | ४०,४०,८०० |
| २. | जलश्रोत तथा सिंचाई | ५१,८५,३७० | ४४,३८,६४४ | १,००,००,००० | १,०१,०२,००० |
| ३. | पशुपन्छि बिकास | १०,८०,००० | १८,००,७९१ | ४०,००,००० | ४०४०८०० |
| ४. | सहकारी | - | - | - | - |
| ५. | पर्यटन | ३,८५,००० | ९६,३२,८६१ | २५,००,००० | २५,२५,५०० |
| ६. | उधोग | ३०,८१,३२६ | ६३,४५,६०४ | १८,००,००० | १८,१८,३६० |
| ७. | वाणिज्य | | ५०,००० | - | - |
| | | | **सामाजिक विकास क्षेत्र** | | |
| १. | शिक्षा | ११,११,५२,५९८ | १४,१६,१६,०४६ | १५,३६,७५,००० | १५,५२,४२,४८५ |
| २. | युवा तथा खेलकुद | ५,०२,९५० | २५,८७,२२६ | ११,००,००० | ११,११,२२० |
| ३. | स्वास्थ्य | १,५१,९४,४०३ | २,१३,०१,३२८ | २,४९,८५,००० | २,५२,३९,८४७ |
| ४. | लैंगिक समानता तथा सामाजिक समावेशिकरण | १८,८५० | २१,५४,८९६ | १०,००,००० | १०,१०,२०० |
| ५. | खानेपानी तथा सरसफाई | ३२,३१,२०६ | २,८१,७८,१५१ | ८०,७५,००० | ८१,५७,३६५ |
| ६. | भाषा तथा संस्कृति | - | २०,९९,३६० | - | - |
| ७. | सामाजिक सुरक्षा तथा संरक्षण | ५५,१७० | ९,७५,९३३ | ५,२४,००० | ५,२९,३४४ |
| | | | **पूर्वाधार विकास क्षेत्र** | | |
| १. | सम्पदा पुर्बधार | १,१४,६७,२७२ | ४,३१,५०० | १,१९,००,००० | १,२०,२१,३८० |
| २. | भवन आवस तथा ,सहरी विकास | २,९८,५०,४९८ | ३,२०,५३,७३२ | ४,५८,६०,००० | ४,६३,२७,७७२ |
| ३. | यातायात पूर्वाधार | १,५७,५९,८७८ | ४,२७,७०,४५८ | ८,००,२८,००० | ८,०८,४४,२८५ |
| ४. | उर्जा | ९,९५,५११ | ८,४७,१७२ | १८,००,००० | १८,१८,३६० |
| ५. | विज्ञान तथा प्रबिधि | - | ६,४५,००० | - | - |
| ६. | पुनर्निर्माण | १४,७५,००० | २५,०१,१३० | २५,५०,००० | २५,७६,०१० |
| | | | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | |
| १. | विपद व्यवस्थापन | ३८६००० | ६१३८४० | ९,००,००० | ९,०९,१८० |
| २. | मानव संशाधन विकास | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | शान्ति तथा सुव्यवस्था | - | ३०७००० | - | - |
| ४. | कानुन तथा न्याय | - | २००००० | - | - |
| ५. | शासन प्रणाली | - | ५०००० | - | - |
| ६. | तथ्यांक प्रणाली | ५४५१३६ | - | ६,००,००० | ६,०६,१२० |
| ७. | गरीबी निवारण | - | - | २,००,००० | २,०२,०४० |
| ८. | श्रम तथा रोजगारी | ३०,८१,३२६ | ४०,११,५५१ | ५०,७६,००० | ५१,२७,७७५ |
| ९. | योजना तर्जुमा र कार्यान्वयन | - | ५७७९६८ | - | - |
| १०. | प्रशासकीय सुशासन | - | ११४३०० | - | - |
| कार्यालय संचालन तथा प्रशासनिक | | | | | |
| १. | कार्यलय संचालन तथा प्रशासनिक खर्च जम्मा | ५५१७९२५३.५९ | ७९८६५९४७ | ८,५७,२०,००० | ८,६५,९४,३४४ |
| | कुल जम्मा | २५,६७,९८,८५६ | ३९,२३,२७,२८१ | ४४,६२,९३,००० | ४५,०८,४५,१८८ |

माथिको बिषय क्षेत्रगत खर्चको बजेट तथा विनियोजनको आधारमा कुल खर्च अनुमानमा बिषय क्षेत्रगत खर्चको बांअनुपात निकालिएको छ  खर्च बजेट तथा विनियोजन गत आर्थिक वर्षको तुलनामा हेर्दा पूर्वाधार विकास क्षेत्रमा बढी रहेको छ भने अन्य क्षेत्रमा लगभग एकैनाश देखिन्छ।

### तालिका २.६ बिषय क्षेत्रगत खर्चको बांडफांडको अनुपात प्रक्षेपण

| विषयगत क्षेत्र | हालको यथार्थ | खर्चको प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०७९/८० को यथार्थ | २०८०/८१ अनुमान | २०८१/८२ अनुमान |
| आर्थिक विकास क्षेत्र | ७९०३८२४ | २८४२४७४० | २,२३,००,००० | २,२५,२७,४६० |
| सामाजिक विकास क्षेत्र | १३०१५५१७८ | १९८९१२९४० | १८९३५९००० | १९१२९०४६१ |
| पूर्वाधार विकास क्षेत्र | ५९५४८१३९ | ७९२४८९९३ | १४,२१,३८,००० | १४,३५,८७,८०७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४०१२४६२ | ५८७४६६० | ६७,७६,०००.०० | ६८४५११५ |
| कार्यलय संचालन तथा प्रशासनिक | ५५१७९२५३ | ७९८६५९४७ | ८,५७,२०,००० | ८,६५,९४,३४४ |
| जम्मा | २५६७९८८५६ | ३९२३२७२८१.७४ | ४४,६२,९३,०००.०० | ४५,०८,४५,१८८ |
| कुल खर्चको प्रक्षेपणमा विषयगत क्षेत्रको अनुपात(%) | | | | |
| आर्थिक विकास क्षेत्र | ३.०७ | ७.२५ | ५ | ५ |
| सामाजिक विकास क्षेत्र | ५०.६७ | ५०.७० | ४२.४३ | ४२.४३ |
| पूर्वाधार विकास क्षेत्र | २३.२९ | २०.२० | ३१.८५ | ३१.८५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १.५६ | १.५० | १.५१ | १.५१ |
| कार्यलय संचालन तथा प्रशासनिक | २१.४१ | २०.३५ | १९.२१ | १९.२१ |
| जम्मा | १०० | १०० | १०० | १०० |

**त्यसैगरी खर्च अनुमान कटाएपछी चालु आर्थिक बर्षमा ३ करोड २२ लाख र आगामी आर्थिक बर्षमा ३ करोड २६ लाख बचत हुन आउने देखिन्छ जुन अन्य कुनै उपलब्धिमुलक योजनामा लगानी गर्न सकिनेछ ।**

| विषय क्षेत्र | हालको अवस्था | २०७९/८०<br>यथार्थ | २०८०/८१<br>अनुमान | २०८१/८२<br>प्रक्षेपण |
|---|---|---|---|---|
| कुल आय | ३३,४४,९८,५५६ | ४१६१९८५६१ | ४७८५८१००० | ४८,३४,९५,००० |
| कुल व्यय | २५,६७,९८,८५६ | ३९,२३,२७,२८९ | ४४,६२,९३,००० | ४५,०८,४५,१८८ |
| बार्षिक बजेटमा थप कार्यक्रमका लागि बचत रकम | ७,७६,९९,७०० | २,३८,७१,२७२ | ३,२२,८८,००० | ३,२६,४९,८१२ |

## परिच्छेद तीन: बिषयगत कार्यक्रम तथा आयोजनाको प्रक्षेपण

घिरिङ गाउँपालिकाको गत वर्षको यथार्थ तथ्यांकलाई पछ्च्याउदै चालु आर्थिक बर्षको हाल सम्मको तथ्यांकको सहायतामा चालु आर्थिक बर्षको क्षेत्रगत अनुमान तथा आगामी आर्थिक बर्षको प्रक्षेपण गरिएको छ । मुख्य बिषयक्षेत्रलाई ५ वटामा विभाजन गरिएको छ ।

### ३.१ आर्थिक क्षेत्रगत

आर्थिक विकास क्षेत्र भित्र कृषि, उद्योग, पर्यटन, जलश्रोत तथा सिंचाई, पशुपन्छी विकास जस्ता उप-क्षेत्र हरु समावेश भएका छन् ।

### ३.१.१ कृषि

देशका अन्य क्षेत्र जस्तै घिरिङ गाउँपालिकामा पनि निर्वाहमुखी खेती प्रणाली परम्परादेखि चलिआएको छ। यस गाउँपालिकाको जम्मा ४० ९० प्रतिशत क्षेत्रफ़लमा प्रमुख खेतिवालिहरु.मकै, गहु, कोदो, सिमि, भट्मास, फापर, र धान बालीहरू हुन् भने खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने परिवार ४० प्रतिशत रहेको छ यधपि ९० प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न देखिन्छ। कृषिलाई यान्त्रिकरण, आधुनिककीकरण तथा व्यवसायिकरण गर्दै निर्वाहमुखी कृषिलाई उत्पादनमुखी तथा निर्यात उन्मुख बनाउन गाउँपालिका भित्रका मुख्य बाली उत्पादन क्षेत्रको पहिचानका आधारमा कृषि पर्यटनमा आधारित अर्गानिक कृषि उत्पादन क्षेत्र, तरकारी, धान, कत्लहन, तेलहन, मौरीपालन, बेमौसमी तरकारी खेती तथा कृषि पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा ल्याउने क्रममा छन् । आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने संभावना रहेको देखिन्छ ।

**कृषिमा क्षेत्रमा रहेका प्रमुख समस्या तथा चुनौतीहरु**

- निर्वाहमुखी खेती प्रणाली हुनु, खेतीमा पनि बँदेल र बाँदरजस्ता जंगली जनावारको कारण क्षति हुनु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।
- माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् ।
- व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वित्तीय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् ।
- बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त गर्न सकेका छैन। रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुवांशिक

जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ। सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन।

**उदेश्य तथा रणनीतिहरु**

- उत्पादन साथमा", नगद हातमाभन्ने मूल नाराका साथ आगामी दिनमा कृषि अनुदानलाई " उत्पादनमा आधारित बनाईनेछ । साथै कृषिमा दिईने अनुदान प्रणालीलाई व्यवस्थित, पारदर्शी र कृषक मैत्री बनाउदै लगिनेछ ।
- आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने, सहकारी र समुदायको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ । "उत्पादन र रोजगारीका लागि साझेदारी"
- कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायिकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ । उत्पादनदेखि बजारिकरण सम्मको कृषि ईकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ ।-
- खाद्यान्न बाली, तरकारीको बीउ बिजन तथा ढुशीनाशक र कीटनाशक विषादी वितरण कार्यलाई निरन्तरता दिईनेछ, जसबाट किसानले प्रत्यक्ष लाभ लिनेछन ।
- कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै, कृषियोग्य भूमिको संरक्षण, नदी किनार सहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एवम् साझेदारीमा जमिन चक्लाबन्दी गरिनेछ । छरिएर रहेका कृषि भूमिको एकीकरण गरी सामूहिक खेती, करार खेती एवम् सहकारी खेती प्रवर्द्धन गरिनेछ ।
- सुन्तला खेतीलाई प्रवर्द्धन र विस्तार गर्न माटो सुहाउँदो भूगोल लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । साथै कृषक पाठशाला कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा नमूना फर्म स्थापना गरी सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।
- बालीनालिहरुको जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोग सञ्चालन गरिनेछ । परम्परागत र प्राकृतिक तथा पोषणयुक्त खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायिकरण गरिनेछ ।
- सिँचाई सुविधा नपुगेका कृषि भुमिमा साना सिँचाईको प्रबन्ध मिलाईनेछ । कृषियोग्य भूमिमा वर्षै भरि दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन पुर्वाधार निर्माण र वितरण प्रणाली थप सुदुढ गरिनेछ ।
- स्वस्थ माटो", स्वच्छ बालीअभियान अन्तरगत माटोको परीक्षण गरि सकेकोले माटोको " अम्लीयपना सुधारको लागि कृषि चूना वितरण गरिनेछ, साथै रोग किराको पहिचान र निवारण गरिनेछ ।
- खाद्यान्न, फलफूल, तरकारीको व्यवसायिक उत्पादनका लागि पकेट क्षेत्र विकास गर्न समुदायमा आधारित “एक वडा एक कृषि उत्पादन” कार्यक्रमलाई प्राथामिकताका साथ कार्यान्वयन गरिनेछ ।



XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

- व्यावसायिक कृषि", सम्मानित पेशाभन्ने नाराका साथ कृषिमा आधारित उद्यम र " उद्यमशिलताको प्रवर्द्धनगर्ने कार्यक्रम गरिनेछ । "उत्कृष्ट कृषक पुरस्कार"
- रैथाने बालीको उत्पादन तथा उपभोग गरौँ", खाद्य र पोषण सुरक्षा गरौँभने नाराका साथ " स्थानीय बालीको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्यवस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो, समतामूलक र समानुकुलित खाद्य प्रणालीको विकास गरिनेछ ।
- घिरिङ गाउँपालिकामा पर्याप्त मात्रमा रहेको जडीबुटी संकलन, उत्पादन, प्रशोधन, प्रवर्द्धन तथा बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

### ३.१.२ जलस्रोत तथा सिंचाई

गाउँपालिकामा सिंचाईका लागि हालसम्म प्रयोगमा रहेका प्रविधिहरुमा कूलो, पाईप थोपा सिंचाई रहेका छन् । जम्मा क्षेत्रफ़लमध्ये ३० प्रतिशत जमिनमा मात्र सिंचाई सुबिधा पुगेको छ भने ७० प्रतिशत जमिनमा अझैपनि सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन। सिंचाईका लागि यस गाउँपालिकामा रहेका खोला नालाहरुलाई प्रमुख श्रोतको सतह र लिफ्ट सिंचाई प्रणाली दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न संभावना रहेको छ।

**समस्या तथा चुनौती**

- संचालित सबै सिंचाई आयोजनाको नियमित रुपमा मर्मत सम्भार नहुनु ।
- सिंचाईका श्रोतहरुको संरक्षण नहुनु एवं सिंचाई सुविधाबाट बञ्चित क्षेत्रका लागि बैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ।

### ३.१.३ पशुपन्छि विकास

गाउँपालिका क्षेत्रमा करीव ९० प्रतिशत परिवार पशुपालनमा संलग्न रहेको छ । मुख्य पशु चौपयामा खशी, बाख्रा, भैंसी तथा गाईगोरु हरु रहेका छन् जस्मा ८.२९ प्रतिशत बोका, खशी, भेडा, २२ प्रतिशत पाडापाडी र भैसी, १७ प्रतिशत गाईगोरु, १४ प्रतिशत बुंगुर, १ प्रतिशत सुँगुर, ० प्रतिशत चौरी र १ प्रतिशत चौरी पालनमा संलग्न रहेको पाइयो । जसबाट वार्षिक रुपमा २००० खसीबोका बाख्रापालन गरिहेका तथा सोबाट वार्षिक ३६,००० के.जी. मासु उत्पादन हुने गरेको देखिन्छ तथा कुखुरापालनबाट वार्षिक लगभग १२ हजार के.जी. उत्पादन गरेको देखिन्छ। पशु विकासका लागी गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ।

**समस्या तथा चुनौती**

- उन्नत जातको गाईभैसी, बाख्रापालन नहुनु ।
- आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी ।
- उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु ।



Fujan.

XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

- सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्यक्रम हरुको कमि रहेक छ।
- एग्रोभेटको अभाव, उन्नत जातका घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, चरन क्षेत्रको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेका छन् ।

**उदेश्य तथा रणनीतिहरु**

- घरदैलो कार्यक्रम गरी पशुसेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज र विश्वसनीय बनाइने ।
- पशु विकास क्षेत्रमा खुल्ला रहेका सार्वजनिक तथा निजि जग्गाहरुमा विभिन्न प्रजातिको घाँसहरुको ब्लक स्थापना गरी पशु आहारको व्यबस्था गरिने ।
- पशुपन्क्षि पालनउत्पादन तथा प्रशोधन उधोगकेन्द्र स्थापनामा जोड दिइने । ,
- पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा एक पशु प्राविधिक व्यवस्था गरिने ।

### ३.१.४ बैंक, वित्तीय तथा सहकारी

क्षेत्रफ़ल तथा जनसंख्याको आधारमा सानो घिरिङ गाउँपालिकामा सिमित बैंक तथा वित्तीय पहुँच पुगेको देखिन्छ । गाउँपालिकामा हाल १ वटा बाणिज्य बैंक शाखा (कुमारी बैंक लिमिटेड), ३ वटा लघुबित्त (जाल्पा, सभुङ र स्पर्श) र १ वटा बचत तथा ऋण सहकारी संस्था (घिरिङ बहुउद्देश्यीय) बाट वित्तीय तथा सहकारी सेवा उपलब्ध भैरहेको छ । गाउँपालिकाका करिब ६० प्रतिशत घरपरिवार बैंकिङ सेवाको पहुँचमा रहेको देखिन्छ भने ३७ प्रतिशत घरपरिवारले सहकारीको सेवा लिइरहेको देखिन्छ।

**समस्या तथा चुनौती**

- सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु।
- वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्ने कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ।

**उद्देश्य तथा रणनीतिहरु**

- बैंकिङ लगानी कृषि क्षेत्रमा वृद्धि गर्न प्रोत्साहन गरिने छ।
- वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ।
- आर्थिक कारोवार विस्तारका लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिने छ।

### ३.१.५ भाषा संस्कृति तथा पर्यटन

यस गाउँपालिकामा पनि नेपालका अन्य पहाडी भेगमा झैं रमणीय डाँडाकाँडा, सुन्दर हिमालका दृश्य, धार्मिक मठमन्दिर, गुफा, ताल, कुण्ड, झरना, कला तथा सांस्कृतिक नाचगान लगायतका सम्पदा छन्।कुल जनसङ्ख्याको आधा भाग मगरहरू भएका कारण भीरमौरीको मह काढ्ने, सोरठी, मारूनी, घाटु नाचजस्ता उनीहरूका कतिपय मौलिक संस्कृति यहाँको जनजीवनमा देख्न सकिन्छ। यति हुँदा पनि पर्यटनको यथोचित विकास भएको छैन। सामान्य सङ्ख्यामा आएका आन्तरिक अतिथि बाहेक बाह्य पर्यटकको सङ्ख्या शून्यप्राय छ। कला तथा संस्कृतिले सम्पन्न र पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने घिरिङ गाउँपालिका मा रहेका मुख्य धार्मिक स्थलहरु कामधेनु ,छाब्दी बाराही ,ढोरबाराही- मन्दिर, काल भैरब मन्दिर, मंदारकाली गुफा तथा थानीमाई, शिवालय घिरिंगकोट स्थलहरु रहेक छन। गाउँपालिकाको विविधतालाई जगेर्ना गर्नको लागी यहाँ अवस्थीत धार्मिक तथा पर्यटकीय, ऐतिहासिक स्थल, संस्कृति, लोकभाषा तथा कलालाई जगेर्ना तथा प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

यधपि भाषा संस्कृति उपशीर्षक अन्तर्गत अपेक्षित बजेट तथा खर्च प्रक्षेपण नहुनु तथा प्रभावकारी लगानी नहुनु दुखद देखिन्छ । त्यसैगरी गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै जातजाती, लिंग धर्मालम्बीहरुको सार्वजनिक जीवनमा समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने र सभामा शान्ति, सुरक्षा र अमन चैन कायम गर्ने विषय सामाजिक समावेशीकरण र सुरक्षा अन्तर्गत पर्दछन्। यस गाउँपालिकामा महिलाहरूलाई सार्वजनिक काममा अग्रसर बनाउन महिला समूहहरू गठन भएका, विधालयमा जात्राहरूको संख्या बढेको र उपभोक्ता समूहहरूमा महिला तथा दलितहरुको सहभागिता प्रभावकारी बनाइएको र समय सँगसंगै विभिन्न घरेलु तथा महिला हिंसामा कमी आएको जस्ता निकै उत्साहजनक उपलब्धिहरु भएकोले गाउँपालिकामा शान्ति सुरक्षाको अनुभूति भएको छ।

**समस्या तथा चुनौती**

- ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु ।
- पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु ।
- व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी ।
- सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु ।
- पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीतिनियम तथा ज्ञानको अभाव ।
- पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ प्रदर्शकहरु होटल व्यवसाय, बैंक, वित्तीय सस्था आदिको अभाव प्रमुख समस्याको रुपमा रहेको छ ।

**उद्देश्य तथा रणनीति**

- स्थानीय युवालाई कला साँस्कृतिक, सो को मौलिकता, संरक्षण र उपयोग बारे अध्ययन अनुसन्धान गर्न अभिप्रेरित गरिनेछ ।
- होमस्टे संचालन गरी कला साँस्कृति लाई पर्यटन विकाससँग आवद्ध गरिनेछ ।



Sujan.
XELWEL INNOVATION PVT. LTD.
Kathmandu, Nepal

- मगर समुदायसँग सम्बन्धित कला, साँस्कृतिक र भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्न पहल गरिनेछ ।
- आरन, भाडावर्तन, हाते सामान निर्माण, सिलाई बुनाई जस्ता परम्परागत सिल्पी पेशालाई नयाँ प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाइनेछ ।
- कला, साँस्कृतिक, चलन, भेषभुषाको मौलिकता उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ ।

### ३.१.६ उधोग

घिरिङ गाउँपालिकाभरिमा जम्मा १७० वटा व्यापारव्यबसाय रहेकोमा ८९ वटा व्यबसाय दर्ता भई संचालनमा रहेका छन् जसमा खुद्रा व्यापार तथा सानाठूला ईट्टा भट्टब्लक तथा घरेलु उघोग रहेका छन् भने ठुला उधोग तथा कलकारखाना हरु अहिले सम्म किन केही स्थापना तथा संचालन भएका छैनन् । भौगोलिकता तथा हावापानीको आधारमा यस गाउँपालिका क्षेत्रमा कृषि तथा पशुपालन सम्बन्धि व्यापार ब्यबसाय तथा उधोगको सम्भावना देखिन्छ ।

**समस्या तथा चुनौतिहरु**

- उद्योग संचालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको कमी रहेको ।
- उद्योग सिर्जना, विकास र संचालन सम्बन्धी तालीम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसकिनु ।
- उद्योग संचालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।
- उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना ।

**उद्देश्य तथा रणनीतिहरु**

- यस गाउँपालिकामा विशेष गरी कृषि तथा पशुजन्य उपन सम्बन्धी उद्योगको संभावना रहेकोले कृषि, पशु र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा खनिजजन्य पदार्थको संभावना रहेकोले सो को प्राविधिक संभाव्यता अध्ययन गरी उत्खनन नक्सांकन गरिने ।
- स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, दाना उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।
- स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।
- उद्यम व्यवसाय संचालनमा एकल महिला, भूमिहीन, अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ ।
- लघु उद्यम प्रवर्द्धन तथा विकासका लागि रणनीतिक योजना तर्जुमा गरिनेछ सो को आधारमा रही गाउँपालिकास्तरीय कार्यविधि वनाई लागू गरिनेछ ।

➢ युवालाई लक्षित गरी सीप र उद्यमशीलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।

समस्त आर्थिक क्षेत्रका विशेष विवरण तथा तथ्यांकहरूलाई तालिकामा देखीएको छ ।

तालिका ३.१: आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| बिषय क्षेत्र | इकाई | हालको अवस्था | २०७९०८०/ यथार्थ | २०८००८१ / को अनुमान | २०८१०८२/ प्रक्षेपण |
|---|---|---|---|---|---|
| खेतीपाती गरिने जमिन | प्रतिशत | ४२ | ४० | ४५ | ५० |
| कृषिमा आधारित घरपरिवार | प्रतिशत | ८३ | ८० | ८५ | ९० |
| बर्षभरि खान पुग्ने खाधान्न उत्पादन गर्ने घरपरिवार | प्रतिशत | ४२ | ४० | ४५ | ५० |
| फलफुल उत्पादन गर्ने परिवार संख्या | संख्या | ४० | ३८ | ४० | ६० |
| पशुपलानमा संलग्न घरपरिवार | प्रतिशत | ८८ | ८० | ९० | ९५ |
| बार्षिक मासु उत्पादन | किलोग्राम | ३७०० | ३६०० | ३८०० | ४००० |
| सिंचाई सुबिधा पुगेको घरपरिवार | प्रतिशत | २५ | २३ | ३० | ३५ |
| बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको घरपरिवार | प्रतिशत | ६५ | ६० | ७० | ९० |
| सहकारी सेवाको पहुँचमा रहेको घरपरिवार | प्रतिशत | ३८ | ३६ | ४० | ४५ |
| पर्यटकीय तथा धार्मिक स्थल को | संख्या | ५२ | ५० | ५२ | ५५ |
| उधोग तथा व्यापार व्यवसाय | संख्या | १७० | १६५ | १७५ | १९० |

## ३.२ सामाजिक विकास

त्यसैगरी सामाजिक विकास शीर्षक अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, युवा तथा खेलकुद विकास; कला, संस्कृति, भाषा र साहित्य र लक्षित समुदाय उत्थान तथा सामाजिक समावेशिकरण जस्ता कार्यक्रमहरू पर्दछन् । यिनै बिषय क्षेत्रका सेवा र सुविधाको गुणस्तर र पहुँचले समग्र सामाजिक विकासको अवस्थालाई चित्रण गर्दछ ।

### ३.२.१ शिक्षा

घिरिङ गाउँपालिकामा साक्षरता दर ६७ प्रतिशत रहेको छ । महिला साक्षरता (५०.१%) र पुरुष (७६.८%) रहेको देखिन्छ। घिरिङ गाउँपालिकामा बालविकास केन्द्र संख्या १९ रहेको पाइन्छ। यसैगरी आधारभुत तहका कक्षा १-५ सम्मसंचालन हुने बिधालय संख्या २८ र कक्षा ६-८ सम्म संचालन हुने



Sujan. XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

बिधालय संख्या माध्यमिक तहको साधारण पढाई हुने कक्षा ९-१० सम्मको बिधालय संख्या ५ कक्षा ११-१२ सम्मको बिधालय संख्या २ गरी जम्मा ४९. सामुदायिक बिधालयहरू यस गाउँपालिकामा संचालित छन् र सामुदायिक बिधालयमा संचालित सोतकेन्द्र संख्या १ रहेको छ।

वर्तमान युगमा मानव जीवनलाई एउटा निश्चित उचाईसम्म पुऱ्याउने अभिन्न अंग नै शिक्षा हो। शिक्षाको महत्व तथा आवश्यकता बढ्दै गइरहेको बेला शैक्षिक क्षेत्रमा उचित सुधार गर्न सकियो भने मात्र आउँदो पुस्ताले नगर/ब २०७९ .गाउँपालिकाको मुहार फेर्न सक्षम हुनेछन यकिन गर्न सकिन्छ । आ/०८० को शैक्षिक अवस्था हेर्दा बिधालय भर्ना भई कक्षा छोड्ने तथा दोहोर्याएर पढ्ने बिध्यार्थीहरुको संख्या उच्च रहेकोले बर्तमान समय अनुसार शिक्षण पद्धतिहरु समयानुकूल परिवर्तनहरु लाई बटुल्दै यस गाउँपालिकाले आफ्ना क्षेत्रमा रहेका शिक्षण संस्थाहरूको संस्थागत विकास गरी जनताले चाहना गरे अनुरूपको गुणस्तरीय शिक्षा दिक्षाको व्यवस्था मिलाउनु पर्ने अवस्था छ। सोही कुरालाई मध्यनजर गर्दै शैक्षिक क्षेत्रको बजेट तथा खर्च प्रक्षेपणलाई प्राथमिकतामा राखिएको छ ।

**समस्या र चुनौती**

- बिधालय को संख्या ठीकै रहेको भए पनि पूर्वाधारको उचित व्यवस्था हुन नसकेको ।
- प्रयोगात्मक शिक्षाका लागि प्रयोगशालाको अभाव ।
- विषय शिक्षकहरुलाई तालिमको उचित व्यवस्था नहुनु ।
- विधार्थीले बिधालय छाड्ने प्रवृत्ति उच्च हुनु ।
- दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु ।
- दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर बडी हुनु, बिधालयहरू आर्थिक रुपले कमजोर हुनु ।

**रणनीति तथा उदेश्य**

- सामुदायिक बिधालयका शिक्षकलाई कुनै पनि राजनितिक दलको कार्यकर्ताको रूपमा काम गर्नबाट निरुत्साहित गर्ने।
- विकासको लागि आएको बजेटबाट तलव खाने गरी स्थानीय स्रोतबाट शिक्षक भर्ना गर्ने विगतको परिपाटीलाई निरुत्साहित गर्ने।
- सामुदायिक बिधालयको गुणस्तर माथि उठाउने र निजि बिधालयहरूको आर्थिक अराजकता नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने।
- सामुदायिक बिधालयहरुको भौतिक संरचना, खानेपानी तथा सरसफाई, आवश्यक कक्षा कोठाहरु, प्रयोगशाला, आवश्यक उपकरणण (कम्प्युटर आदि) सुबिधा सम्पन्न बनाउने गरी सुधार गर्ने।
- विधालयको सुधार र निर्माणको लागि विद्यालय व्यवस्थापन समिति शिक्षकहरुलाई ने जिम्मेवार वनाईने छ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रभावकारी रूपमा काम गर्ने र लामो समय सम्म यस गाउँपालिकामा सेवागर्ने व्यक्तिहरूलाई बार्षिक रूपमा पुरस्कारको व्यवस्था गरिने छ।

- बिधालय तथा स्वास्थ्य चौकिहरूको भवन निर्माण गर्दा सम्बन्धित व्यवस्थापन समितिहरूलाई नै बढी जिम्मेवार बनाईने छ।

### ३.२.२ स्वास्थ्य

स्वास्थ्य सेवा सम्बन्धी तथ्यांकका आधारमा स्वास्थ्य संस्था सरकारी तथा निजि गरि जम्मा ८ वटा रहेका छन् । ठूला अस्पतालहरू हालसम्म निर्माण नहुनु, आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरु अपुग हुनु, आवश्यक औषधिको कमि जस्ता समस्याहरुले गर्दा धेरैजसो रोगहरुको उपचार गर्नका लागी यहाका स्थानीयवासीले धेरै समस्या झेल्नुपरेको छ । सामान्य स्वास्थ्य उपचारमा निकै नै असहज अवस्था रहेको छ जहाँ सामान्य देखि ठुलो सबै रोगहरुको औषधि उपचार गर्नको लागी पनि नजिकको शहर भिमाद, पोखरा वा काठमाडौं जानुपर्ने बाध्यता रहेको छ भने मृत्युदरको सबैभन्दा प्रमुख कारण बताईएको छ । स्वास्थ सम्बन्धि ज्ञानको कमी, लक्षणहरूको गम्भीरता सम्बन्धी बुझाइमा कमी, परम्परागत विश्वासको कारणले गर्दा स्वास्थ्य उपचारमा ढिलाई जस्ता मुख्य कारणहरू स्वास्थ क्षेत्रमा देखिएको छ। सोहि समस्याहरुलाई प्राथमिकतामा राखेर स्वास्थ्य क्षेत्रको लागी बजेट तथा खर्च बिनियोजन गरिएको छ

**समस्या र चुनौती**

- आपतकालिन प्रसूति सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदरको सबैभन्दा प्रमुख कारण बनेको छ।
- ज्ञानको कमी, लक्षणहरूको गम्भीरता सम्बन्धी बुझाइमा कमी।
- औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी।
- परम्परागत झारफुक तथा उपचारविधिमा बढी विश्वास।
- आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

**रणनीति तथा उदेश्य**

- स्वास्थ्य चौकीको लागि भवन निर्माण गर्ने।
- प्रसूती केन्द्र विस्तार गर्ने।
- पालिकास्तरीय अस्पताल निर्माण गर्ने।
- स्वास्थ्य प्रयोगशाला स्थापना तथा विस्तार गर्ने।
- ORC र EPI खोप केन्द्र मर्मत तथा संचालन गर्ने।
- महिला स्वयमसेवक र स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि )FCHV र H.W.)।

### ३.२.३ युवा तथा खेलकुद

खेलकुद क्षेत्रमा स्वस्थ प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतफी विकासलाई बल पुर्‍याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदका लागि विभिन्न स्थानहरूमा खेलकुद मैदान रहेको देखिन्छ। गाउँ घरमा भलिबल खेल निकै लोकप्रिय रहेको हुनाले गाउँपालिकाको

प्रत्येक गाउँ वा स्थानमा एउटा सानो तिनो खेलकुद मैदान रहेको छ। यसैगरी गाउँको विद्यालयको हाताभित्र र गाउँपालिकाको कार्यालय मा पनि खेलमैदान रहेको पाइन्छ।

**समस्या र चुनौती**

खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिएतापनि समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्ने पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता रहेको छ।

**रणनीति तथा उदेश्य**

- पालिकास्तरीय खेलकुद परिषद गठन गर्ने।
- विभिन्न खेलकुद सप्ताह आयोजना तथा संचालन गर्ने।
- खेलकुदमैदान को स्तारोनाति गर्ने।

### ३.२.४ खानेपानी तथा सरसफाई

घिरिङ गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप भएको देखिन्छ। गाउँका ३०४८ (९०.३ प्रतिशत) परिवारहरूले सबैभन्दा बढी धारा तथा पाइप प्रयोग गरेको पाइएको छ। ती बाहेक खुला कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ८२ (०.८ प्रतिशत), मूल धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या १८५ (५.५ प्रतिशत), नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी १ (०.०३ प्रतिशत) र ढाकिएको कुवाको पानी प्रयोग गर्ने परधुरी ८२ (२.४३ प्रतिशत) रहेको छ।

गाउँमा शौचालय प्रयोग गरेका घरपरिवारहरूमा सबैभन्दा धेरै फ्लस भएको सेफ्टि ट्याङ्की तथा ) ) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार २४७२ (सार्वननिक ढल७३ (२ प्रतिशत.रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या ८६५ (६१ प्रतिशत.२५)देखिएको छ। यस गाउँपालिकामा केवल ३१ घरपरिवारमा शौचालयको सुविधा नभएको अवस्था छ । यहाँ (स्रोत गाउँपालिकाको डिजिटल प्रोफायल) संचालन भएका खानेपानीका योजनाहरुको उचित मर्मत संबारको अभावमा जिर्ण रुपमा रहेका छन। कतिपय स्थानमा लिफ्ट गरेर खानेपानी योजना संचालन गर्नु पर्ने कारणले प्राविधिक कठीनाई पर्न सक्ने देखिन्छ ।

**समस्या र चुनौती**

- यहाँ संचालन भएका खानेपानीका योजनाहरुको उचित मर्मत संभारको अभावमा निर्ण रुपमा रहेका छन।
- कतिपय स्थानमा लिफ्ट गरेर खानेपानी योजना संचालन गर्नु पर्ने कारणले प्राविधिक कठीनाई पर्न सक्ने देखिन्छ।

➢ यस गाउँपालिकाका घरपरिवारमा शौचालयको व्यवस्था सबै घरमा पुगेको भएतापनि आगामी दिनमा पूर्ण सरसफाइको दिशा तर्फ गाउँपालिकाको ध्यान जानु आवश्यक देखिन्छ।
➢ गाउँघरमा जनचेतना जगाउने विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने अति आवश्यक देखिएको छ।

**रणनीति तथा उदेश्य**

➢ संचालन भएका खानेपानीका योजनाहरुको उचित मर्मत संभार
➢ लिफ्ट गरेर खानेपानी योजना संचालन गर्नु पर्ने ठाउँमा अध्ययन गरेर नक्सांकन गर्ने
➢ गाउँघरमा जनचेतना जगाउने विभिन्न कार्यक्रमहरू संचालनमा ल्याउने

### ३.२.५ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने र सभामा शान्ति, सुरक्षा र अमन चैन कायम गर्ने विषय सामाजिक समावेशीकरण र सुरक्षा अन्तर्गत पर्दछन्। यस गाउँपालिकामा महिलाहरूलाई सार्वजनिक काममा अग्रसर बनाउन महिला समूहहरू गठन भएका, विद्यालयमा जात्राहरूको संख्या बढेको र उपभोक्ता समूहहरूमा महिला तथा दलितहरुको सहभागिता प्रभावकारी बनाइएको र समय सँगसंगै विभिन्न घरेलु तथा महिला हिंसामा कमी आएको जस्ता निकै उत्साहजनक उपलब्धिहरु भएकोले गाउँपालिकामा शान्ति सुरक्षाको अनुभूति भएको छ।

**समस्या तथा चुनौतिहरु**

➢ लैंगिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा न्यूनतम बजेट हुनु।
➢ सामाजिक विभेद कायम नै रहेको अवस्था।
➢ महिला समुहहरु तथा महिलाको सहभागिता न्युन हुनु।
➢ फरक क्षमता भएको नागरिकको लागी पर्याप्त स्वोरोजगारीको अवस्था सिर्जना गर्न नसकिनु।

**उद्देश्य तथा रणनीति**

➢ लैंगिक समानता तथा सामाजिक समावेशिकरणको महत्व बारे ज्ञान प्रबाह गर्ने कार्यक्रमहरु आयोजना गरिने।
➢ महिला समुह गठन तथा नेतृत्वमा अग्रसर बनाउने।
➢ अपाङ्गता भएका नागरिकहरुको लागी उपयुक्त सिपमुलक कार्यक्रम तथा रोजगारी सिर्जना गर्ने।

### ३.३ पुर्वाधार विकास

अन्य क्षेत्र जस्तै पूर्वाधार विकास क्षेत्र अन्तर्गत विभिन्न उप-क्षेत्रहरु यातायात पुर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा , सम्पदा पुर्वाधार र पुननिर्माण पर्दछ । पुर्वाधार विकास एक व्यापक बहु-क्षेत्रीय मास्टर प्लान हो जस्ले पूर्वाधार विकासको योजनाबद्ध स्थानिय रुपरेखा प्रदान गर्दछ जुन भित्र रहेर अन्य विकासको कार्यक्रम सञ्चालन गर न सकिन्छ। सार्वजनिक सम्पदा तथा पूनर्निर्माण कार्यहरु राष्ट्को समग्र विकासको लागि अत्यावश्यक छन्। यी कार्यहरुलाई प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि ठोस योजना,

बजेट व्यवस्थापन, तथा प्रभावकारी कार्यान्वयन आवश्यक छ। यसैगरी सार्वजनिक सम्पदा निर्माण तथा पुननिर्माणका कार्यहरुमा स्रोत साधनले समेट्न पुग्नेसम्म बजेट बिनियोजन गरिएको छ ।

### ३.३.१ सडक तथा यातायात

पुर्वाधार विकासको सन्दर्भमा यस गाउँपालिका भित्र धैरै सडकहरुको स्तरउन्नति गर्नु पर्ने तथा नयाँ ट्र्याक खोल्नु पर्ने समेत देखिन्छ। यस गाउँपालिका संग जोडिएर अगाडी बढ्ने मुख्य राजमार्ग हरु भिमाद बैडी मार्ग, शालिग्राम करिडोर र गल्यांग गाईघाट राजमार्ग हुन । यस गाउपालिकाको सम्पूर्ण सडक संजाल २४१.४ कि. मि. रहेको छ जसमध्ये पनि ०.०२ प्रतिशत मात्र कालोपत्रे भएको छ भने चालु आर्थिक वर्षको अन्त्यसम्म ०.०४ प्रतिशत पुराउने लक्ष्य रहेको छ । गाउँपालिकामा भित्र धेनुंग देवैराली, बेलभज्यांग, मानपुर, प्रॉबरीचाप, प्रिंटिंग हटिया, पिरिस देवैराली, फुला, घेनंग, मेवापानी, बेदी, पुस आदि विभिन्न स्थानहरू गरी करिव ११  वटा भन्दा बढी बस स्टप रहेको छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल , यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी जस्ता  सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्न यस गाउँपालिकामा सार्वजनिक निर्माणका कामहरु हुँदै गरेका छन ।

**समस्या तथा चुनौतीहरु**

- यहाँ धेरै सडकहरुमा काम भए तापनि पर्याप्त बजेटको अभावमा समयमा काम नसकिने
- यस गाउँपालिका भएर भिमाद बैदी सडक -, मानपुरघुम्रिघाट सडक-, बैदीड-ेडगाउँ सडक हरु मुख्य सडक को रुपमा निर्माण तथा संचालन भएता पनि बर्खा याममा बाढी पहिरोको कारण यातायतमा अवरोध उत्पन्न हुने

**रणनीति तथा उद्देश्य**

- घिरिङ गाउँपालिका भित्रका समपूर्ण सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्ने
- आवश्यक गुणस्तरीय पूर्वाधारहरुको विकास गरी सर्वपक्षीय विकासलाई सुनिश्चित गर्ने
- स्थानीय गाँउ गौरवका मार्गहरुको वर्गीकरण तथा सडक मापदण्ड निर्माण गर्ने
- प्रदेश तथा केन्द्र सरकारसँगको समन्वय र सहकार्यमा स्थानीय गौरवका मार्गहरुको स्तरोन्नति र कालोपत्रको कामलाई तिब्रता दिइनेछ ।
- सडक पूर्वाधारको संरचना र सम्बर्धनका लागि सडक हेरालुलाई बाह्रै महिना परिचालन गर्ने
- ग्राभेल तथा कच्ची सडकको संरक्षणको लागि अनिभर्य नालाको निर्माण गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

### ३.३.२ भवन आवस तथा ,सहरी विकास

गाउँपालिका भित्र ठूला पार्क तथा खुला क्षेत्रहरू छैनन गाउँपालिकाले यहाँ रहेका जंगल सहितका सार्वजनिक टापुहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गरेर पार्क तथा खुला स्थानको पहिचान,

प्रवर्धन र संरक्षण गर्नु पर्ने हुन्छ र त्यस्ता स्थानहरूको यहाँ प्रशस्त सम्भावना छ । यस्ता संभावना भएका क्षेत्रहरुमा बालउद्यान, उद्यान, बगैंचा, बसपार्क, पुस्तकालय, औद्योगिक ग्राम निर्माण, पिकनिक स्पटहरु, व्यवस्थित हाटबजार आदि उल्लेख गर्न सकिन्छ। सिमित स्रोत तथा साधनको कारणले गर्दा भवन आवास तथा शहरी विकासमा अपेक्षित रुपमा लगानी गरी विकास निर्माण तथा व्यबस्थापनमा मुख्य चुनौती देखिन्छ।

### ३.३.३ उर्जा

गाउँपालिका नगरपालिकाको वस्तुगत विवरण /, तनहुँ २०७५ अनुसार दैनिक बत्ती बाल्न-प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ९९ प्रतिशत रहेको छ । त्यस्तै अधिकासं घरधुरीले सोलार प्रयोग गर्ने गरेको प्रतिशत (४०) देखियो ।

**समस्या तथा चुनौती**

- बिधुतिकरण सेवाको गुणस्तर कायम गराउन ध्यान दिनु पर्ने देखिन्छ।

**रणनीति तथा उद्देश्य**

- गुणस्तरयुक्त भरपर्दो र सुलभ रुपमा सबै घरपरिवार लगायत अन्य क्षेत्रमा विद्युत सेवा र बैकल्पिक नवीकरणीय उर्जाको पहुँचमा विस्तार गर्ने।
- स्थानीय जलबिद्युत उत्पादन गर्न निजी क्षेत्रको लगानीलाई आकर्षण गरी स्थानीय बिद्युत उत्पादनमा बृद्धि गर्ने
- नेपाल सरकारको नीतिसँग नबाझिने गरी बिद्युत नीति निर्माण गरी बिद्युत उत्पादनमा निजी क्षेत्रलाई सहजीकरण गर्ने
- बिद्यतीकरणको विस्तार तथा जनतामा बिद्युतको पहुँचमा विस्तार गर्न स्थानीय सहकारीहरुसँग साझेदारि गर्ने
- स्थानीय सडकमा सुरक्षित र समयमा सहज आवतजावतका लागि सौर्य सडक बत्ती जडान गरिनेछ

### ३.३.४ विज्ञान तथा प्रबिधि

जनचाहना अनुरुप काम गर्न योजनालाई प्राथमिकता दिन नसक्नु सबभन्दा ठूलो समस्या र चुनौती रहेकोछ। पूर्वाधारहरूको विकासको अभावमा कुनै पनि पालिकाको समग्र विकासका काम अगाडि बढाउन कठीन हुन्छ। सूचनाका प्रविधिको युगमा गाउँपालिकाको सबै गाउँ बस्तीसम्म संचारको सुबिधा पुगोस् भन्ने व्यापक जनचाहना रहनु स्वभाविकै हो। सोही चाहना अनुसार हालसम्ममा यस गाउँपालिकाको सबै क्षेत्रमा मोवाईल नेटवर्क पुगेको छ। यद्यपि केही क्षेत्र अत्यन्त भौगोलिक विकट भएको कारणले कतिपय अवस्थामा मोवाइल तथा इन्टरनेटको नेटवर्क पुग्न नसकेको हुनसक्छ। यसलाई पूरा गर्नका लागि सम्बन्धित निकायहरूसंग समन्वय गरी संचार प्रविधिसंग सम्बन्धित उपकरणहरू अप गर्दै कम्तिमा पनि सबै गाउँ बस्तीमा टेलिफोन र सार्वजनिक निकायहरूमा ईन्टरनेट सुबिधा पुन्याउन गाउँपालिकाले योजनाबद्ध रूपमा पहल गर्न आवश्यक देखिन्छ ।

**समस्या तथा चुनौती**

- ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइ।
- यस्ता स्तानमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।
- ज्ञान तथा दक्ष् जनशक्तिको कमि हुनु।

**रणनीति तथा उद्‌देश्य**

- गुणस्तरयुक्त भरपर्दो र सुलभ रुपमा सबै घरपरिवार लगायत अन्य क्षेत्रमा विद्‌युत सेवा र बैकल्पिकनवीकरणीय उर्जाको पहुँचमा विस्तार/ गर्ने।
- सबै घिरिङबासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोगमा विस्तार गर्ने तथा सूचना र सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सहजीकरण गर्ने।
- सूचना र प्रविधिमा सबै जनताको पहुँच र उपयोग सुनिश्चित गर्ने।
- सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संरचनात्मक व्यवस्था गरिनेछ।
- गैरसरकारी क्षेत्रसँगको सहकार्यमा गाउँपालिका कार्यालय तथा वडा कार्यालयमा रहेका सूचना प्रविधि केन्द्रलाई संरक्षण, सम्बर्द्‌धन तथा विस्तार गर्दै लगिनेछ ।
- सबै जनताहरुमा गाउँपालिकाबाट प्रवाह हुने सूचनामा सहज र सरल पहुँचको व्यवस्था गरिनेछ।

## ३.४ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार संघीय व्यवस्था कार्यान्वयनमा आएपछि गठन भएको स्थानीय सरकारलाई स्थानीय स्तरको विकास र निर्माणका लागि योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन र अनुगमन गर्ने लगायत विभिन्न ऐन, कानून, निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त भएको छ। यसै अनुसार घिरिङ गाउँपालिका क्रमश अघि बढिरहेकोछ । समय अनुसार आफूलाई चाहिने कतिपय ऐन, कानून जस्तै आर्थिक, शिक्षा, सहकारी, बिनियोजन, कृषि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगायत अन्य ऐन तथा नियमावली तर्जुमा गरेकोछ । गाउँको समग्र विकासका लागि नीति नियमहरुको तर्जुमा गर्नु मात्र पर्याप्त हुँदैन तिनीहरुको कार्यान्वयन नै अनिवार्य शर्त हो ।

सुशासनबाट मात्र नै गाउँपालिकाले आफ्नो उद्‌देश्य प्राप्त गर्न सक्दछ । त्यसैले गाउँपालिकाले सुशासनका न्यूनतम मापदण्डहरू तयार गरी सबै बिषय र क्षेत्रमा गरिने काममा जनताले अनुभूति गर्ने गरी सुधार गर्न आवश्यक देखिन्छ । स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुरुप बार्षिक तथा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न पाँचवटा विषयगत योजना तर्जुमा समिति गठन गरी योजना तर्जुमाको अभ्यास शुरु भएको छ साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत समाबेश गरिएका सम्पूर्ण क्षेत्रहरुको अध्ययन गरेर चालु बर्ष तथा आगामी बर्षको लागी बजेट बिनियोजन तथा प्रक्षेपण गरिएको छ ।

### ३.४.१ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

महाभुकम्प २०७२ पश्चात् निजिआवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी भवन तथा संरचनामा अभिवृद्धिसँगै भूकम्पीय जोखिमका दृष्टिकोणले सुरक्षित निर्माण संस्थागत हुँदै गएको छ। गाउँपालिका र विभिन्न संघ संस्था, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ ।

समुदायमा आधारित विपद् जोखिम जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ संस्था मार्फत तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ। यस गाउँपालिका मध्यस्तरको वर्षेभरि पानी बहने खोला रहेका र केही साना तिना खोला खोल्सी रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ। गाउँपालिकामा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ।

**समस्या तथा चुनौती**

- यी मध्ये पहिरो, बाढी, वन डढेलो वार्षिक रुपमा दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ।
- एकातिर विश्व तथा नेपालका अन्य क्षेत्रमा जस्तै यस गाउँपालिका क्षेत्रमा पनि विपर्जन्य घटनाका आवृत्ति (Frequency) तथा सघनता (Intensity) बढ्दै।
- अर्कोति विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन।
- भूउपयोग योजना निर्माण भई व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिकको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने
- विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु

**रणनीति तथा उद्देश्य**

- विपद् जोखिम तथा विपर्जन्य क्षति न्यूनीकरण गराउने।
- वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।
- प्रमुख टोलहरुमा उद्धार सामग्रीहरू भण्डारण र नियमित अद्यावधिक गरिनेछ ।
- वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी नदी, गल्छी, खहरे तथा पहिरो नियन्त्रणलाई दिगो बनाइनेछ ।
- विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनसम्बन्धी अवधारणाहरूलाई सम्बोधन गरिनेछ ।

- आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपतकालका लागि सामुदायिक आश्रयस्थल सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।
- स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ ।

### ३.४.२ वन तथा जैविक विविधता

गाउँपालिकाको कुल क्षेत्रफल १२६५. वर्ग कि.मध्ये ५६ .मि.९ प्रतिशत वन जंगलले ओगटेको छ । वनको संचिति र जैविक विविधतायुक्त यहाँको वन सम्पदा हरियाली, जलाधार तथा वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर वृद्धिका दृष्टिकोणले समेत प्रशस्त संभावनायुक्त रहेको छ । हाल यस गाउँपालिकामा जम्मा ३५ वटा सामुदायिक वन दर्ता भएको छ । दर्ता भएका सामुदायिक वनहरू बाट ३१०० घरधुरी लाभान्वित भएका छन । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । उपरोक्त सामुदायिक वन समूह मध्ये दुइ तिहाई जती समूह व्यवस्थापनमा सक्रिय रहेको पाइन्छ ।

समस्या तथा चुनौती

- सामुदायिक तथा सरकारी को समूचित व्यवस्थापन हुन नसक्नु।
- वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुनु।
- हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुनु।
- वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव।
- जलवायुजन्य अतिशय परिणाम )Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी।
- अव्यवस्थित भूउपयोग- तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु।
- वन सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकनु।
- कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु ।
- वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु ।
- वनस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू।



XELWEL INNOVATION PVT. LTD. Kathmandu, Nepal

**रणनीति तथा उद्देश्य**

- जैविक विविधता संरक्षण, वनको संचिती तथा वन पैदावरको उत्पादनमा बृद्धि गराउने।
- नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संरचनासँग समन्वय र सहकार्य गरिनेछ।
- कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय पहल गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय कानून अनुसार वातावरणीय अध्ययन, वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन र अनुगमनको व्यवस्था गरिनेछ ।
- ५० हेक्टर भन्दा बढी क्षेत्रफल भएका समुदायद्धारा व्यवस्थित वन क्षेत्रमा नमूनाको रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- वैज्ञानिक तथा अन्य वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिबृद्धि गरिनेछ ।
- कार्बन व्यापारबाट वन संरक्षण तथा व्यवस्थापन गर्ने स्थानीय समुदायलाई पूँजीगत लाभ उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारसँग समन्वय र पैरवी गरिनेछ।

### ३.४.३ भू-संरक्षण तथा जलाधार ब्यबस्थापन

गाउँपालिकामा कालिगण्डकी नदि र गोफा, फदुवा, नौलीजस्ता मध्यमस्तरका खोलाहरु रहेका छन् । यसबाट सिंचाई सुविधा विस्तारमा केहि टेवा पुगेको छ। उपरोक्त खोलानाला जलाधार क्षेत्रमा जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस पनि गाउँपालिकामा पानीको श्रोत र जमीनको उर्वरशक्ति मध्यम रुपमा रहेको छ। वन तथा जलाधारको संरक्षणर व्यवस्थापनको माध्यमद्धारा गाउँपालिका आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ।

**समस्या तथा चुनौती**

- जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार गाउँपालिका अन्तर्गत उपजलाधार र सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन नसक्नु।
- जमीन र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण नहुनु।
- जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउन नसक्नु।
- वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षण पालना हुन सकेको छैन।
- सडक तथा पुल, सिंचाई कुलो तथा खानेपानी र भवन निर्माण टेवा पर्खाल लगायत संरक्षणको ध्यान दिन नसक्नु।
- भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु।

- सुक्ष्म तथा उपजलाधार क्षेत्रको व्यवस्थापन योजना उपलब्ध नहुनु।
- तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यससम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**रणनीति तथा उद्देश्य**

- जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा वृद्धि गराउने।
- खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइन्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपना कायम गरिनेछ।
- स्थानीयस्तरमा नर्सरी व्यवस्थापन तथा वृक्षारोपण विस्तार गरी नाङ्गा डाँडा तथा पाखाहरुमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ।
- राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ।
- भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ।
- भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण तथा उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ।

### ३.४.४ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

यस गाउँपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ। प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा वृद्धि वाहेक प्रदषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ। तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। यस गाउँपालिकामा पूर्ण सरसफाइको नियमित अभ्यास गर्ने ६० प्रतिशत र कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फाहोर प्रशोधनका अभ्यास गर्ने घरपरिवार न्यून वा ५ प्रतिशत भन्दा कम रहेको छ। गाउँपालिका क्षेत्रमा निजि घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइट आवश्यकता देखिएको छ । गाउँपालिकामा ५६ प्रतिशत जती वन क्षेत्र, सार्वजनिक स्थान र निजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ। संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा रहेका छन्। राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र व्यवस्थामा सचेतना बृद्धि हुँदै गएको छ।

**समस्या तथा चुनौती**

- प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ ।

- दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ।
- फोहोर वर्गीकरण, पुनःप्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको छ।
- प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ।
- कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ। यसबाट कृषि भूमिको गुणस्तरमा हास हुँदै गएको छ। यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ। फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ।
- स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँनु।
- वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहेको छ।

**रणनीति तथा उद्देश्य**

- पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा गराउने।
- गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।
- कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनः प्रयोग, प्रशोधन र खाडलको व्यवस्थापन गरिनेछ।
- सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप, पाँकुरी र लाकुरी, आप, लिचि, सुन्तला, नास्पती आरुवखडा जस्ता विरुवा रोप्ने कार्यलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वच्छता कायम गरिनेछ।
- विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशील प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ।
- जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।
- टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घर र आँगन सरसफाइको अभियान सञ्चालन गरिनेछ।

### ३.५ कार्यलय संचालन तथा प्रशासनिक

घिरिङ गाउँपालिका जम्मा ५ वटा वडाहरु समेटेर बनाइएको पालिका हो । घिरिङ गाउँपालिकाको संगठनात्मक संरचना सन्दर्भमा जम्मा ९ वटा शाखाहरु सामान्य प्रशासन शाखा, राजस्व तथा आर्थिक प्रशासन शाखा, सहरी पूर्वाधार विकास शाखा, आर्थिक विकास शाखा, सामाजिक विकास शाखा, वन,

वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा, भुमि व्यवस्था तथा भवन नियमन शाखा, न्याय कानुन तथा मानव अधिकार शाखा, योजना अनुगमन तथा तथ्यांक शाखा गरी प्रस्तावित संगठन अनुसार कतिपय शाखा, उपशाखा, इकाई स्थापना गरी संचालनमा रहेका छन् यस गाउँपालिकामा कार्यरत जम्मा कर्मचारी संख्या जम्मा (प्रमुख प्रशासकीय अधिकृत देखि कार्यालय सहयोगी समेत गरेर) ३८ जना रहेको छ।

दिर्घलीन विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस गाउँपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिम कार्यविभाजन तथा कार्यसम्पादन नियमावली तयार तथा स्वीकृत गरी लागू गर्नु पर्ने देखिन्छ। यसैगरी कर्मचारी समायोजन भैसकेको अवस्थामा वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ । समस्त घिरिङ गाउँपालिकाको विकास लाई तिब्र तथा प्रभाबकारी बनाउन कार्यलय संचालन तथा प्रशासनिक क्षेत्र लाई समेत समेटेर क्षेत्रगत बजेट तथा खर्च प्रक्षेपण गरिएको छ ।

तालिका ३.२: चालु तथा पुँजीगत खर्च अनुमान तथा प्रक्षेपण

| उप-क्षेत्र | हालको अवस्था | २०७९/०८० यथार्थ | २०८०/०८१ अनुमान | २०८१/०८२ प्रक्षेपण |
|---|---|---|---|---|
| चालु खर्च | | | | |
| कर्मचारी तथा पदाधिकारी प्रारिश्रमिक | १२,१२,६५,१०१ | १४१४३५४८२ | १५,१५,४९,५०० | १६,०६,४२,४७० |
| महंगी भत्ता / पेशाक भत्ता तथा कर्मचारी/ पदाधिकारी बैठक भत्ता | १७,९७,९८४ | १७,३६,००० | २०,३०,००० | २१,५१,८०० |
| औषधि उपचार खर्च | ७,७९,१५२ | १२,३६,१३१ | १३,००,००० | १३,७८,००० |
| संचार महशुल | ४,५५,९७५ | ३२,६९५ | ५,००,००० | ५,३०,३३३ |
| इन्धन (कार्यालय प्रयोजन) | १२,०९,३९१ | २१,२६,०९८ | २२,००,००० | २३,३२,००० |
| कर्मचारी कल्याण कोष तथा योगदानमा आधारित निबृतभरण तथा उपदान कोष | - | ७२,४८२ | ११,००,००० | ११,६६,००० |
| स्थानीय भत्ता | - | ३६,२६८ | ४०,००० | ४२,४०० |
| कर्मचारी प्रोत्साहनतथा पुरस्कार | ९,८९,५६० | ४,३४,००० | १०,००,००० | १०,६०,००० |
| अन्य भत्ता | १,०३,८४६ | ७,०६,१०० | ४,५८,००० | ४,८५,४८० |
| पानि तथा विजुली बत्ति | १,१९,१५५ | ६,८३,८०५ | ६,००,००० | ६,३६,००० |
| सवारी साधन मर्मत सम्भार | ४१,२९,५१७ | ३२,५०,००० | ४५,००,००० | ४७,७०,००० |
| बिमा तथा नविकरण | ५,९९,५८९ | २,८४,८६१ | ६,००,००० | ६,३६,००० |

| | | | | |
|---|---|---|---|---|
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ३,६८,५१५ | ५,००,००० | ५,००,००० | ५,३०,००० |
| निर्मित सार्वजनिक सम्पतिको मर्मत तथा सम्भार | ८८,००० | ४,१६,७७० | ३,००,००० | ३,१८,००० |
| मसलन्द तथा कार्यालय सामग्री | ३८,३६,३८८ | ३८,७१,७३४ | ४०,००,००० | ४२,४०,००० |
| पशुपन्छीको आहार | - | - | - | - |
| सेवा तथा परामर्श | - | २३,२९,७६२ | २५,००,००० | २६,५०,००० |
| विज्ञान तथा प्रविधि विस्तार कार्यक्रम ( कम्प्युटर, सफ्टवेयर निर्माण तथा खरिद ) | १४,५८,००० | ११,६३,६९६ | १५,००,००० | १५,९०,००० |
| पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १०,९३,५६४ | १९,९९,१९८ | १५,००,००० | १५,९०,००० |
| करार सेवा शुल्क | १,१८,४९,७३२ | १,०१,३५,९७७ | १,३०,००,००० | १,३७,८०,००० |
| कर्मचारी तालिम खर्च | - | - | ५,६१,००० | ५,९४,६६० |
| कार्यक्रम खर्च | १,९०,३५,४४९ | २,२८,९९,५४७ | २,३०,००,००० | २,४३,८०,००० |
| विविध कार्यक्रम | २८,११,२४५ | ६७,४१,९७७ | ७०,३६,००० | ७४,५८,१६० |
| अनुगमन मूल्यांकन | १,७०,६५० | ४,८६,१८४ | ५,०३,००० | ५,३३,१८० |
| भ्रमण | १६,७३,९२४ | ७,९४,६५० | १८,००,००० | १९,०८,००० |
| सभा संचालन | १,२९,२०० | ४,००,००० | ४,२०,००० | ४,४५,२०० |
| अन्य सामाजिक सुरक्षा | - | - | - | - |
| विविध खर्च | १०,२१,१७७ | १५,५९,४१० | १३,५९,००० | १४,४०,५४० |
| अन्य कार्यालय संचालन | - | १८,००,००० | २०,००,००० | २१,२०,००० |
| अन्य सेवा शुल्क | - | - | - | - |
| सिप विकास तथा जनचेतना तालिम तथा गोस्ती सम्बन्धि | १०,१६,१९६ | ६,८२,८१९ | १२,००,००० | १२,७२,००० |
| उत्पादन सामग्री सेवा | - | - | ५०,००० | ५३,००० |
| सार्वजनिक उपयोगिताको सेवा खर्च | - | १,८४,९४० | २०,००,००० | २१,२०,००० |
| गैर वित्तीय संस्थाहरुलाई चालु सहायता | - | ५,००,००० | - | ६,००,००० |
| गैर वित्तीय व्यबसायहरुलाई चालु सहायता | ९,०५,०१८ | ५,७७,९६८ | १५,००,००० | १५,९०,००० |
| स्थानीय तह नि: शर्त चालु अनुदान | - | - | ४०,००,००० | ४२,४०,००० |
| स्थानीय तहलाई श: शर्त पुँजीगत अनुदान | - | - | ४०,००,००० | ४२,४०,००० |
| शैक्षिक संस्थाहरुलाई सहायता | - | १,८७,९१,४९२ | ८५,५६,५०० | ९०,६९,८९० |
| स्वास्थ्य संस्थाहरुलाई सहायता | - | ४४०१३८ | ५,००,००० | ५,३०,००० |
| उपभोक्ता तथा गैर सरकारी संस्था सहायता | - | ४७७९०१ | ५,००,००० | ५,३०,००० |

| | | | | |
|---|---|---|---|---|
| अन्य संस्था सहायता | १७,८२,५०९ | १५,००,९३० | १८,००,००० | १९,०८,००० |
| छात्रवृति | - | - | - | - |
| औषधि खरिद खर्च | ९,४२,५०९ | ६४,६०० | १०,००,००० | १०,६०,००० |
| घरभाडा | १,९७,००० | ३,००,००० | ५,००,००० | ५,३०,००० |
| सवारी साधन तथा मेसिनरी औजारभाडा | २,५४,५०० | २,९६,००० | ३,००,००० | ३,१८,००० |
| भैपरी आउने चालु खर्च | - | - | - | - |
| जम्मा | १७९६१७५५२ | २३०४९९६१८ | २५,२५,६३,००० | २६,७५,३२,११३ |
| पुँजीगत | | | | |
| निर्मित भवनको संरचनात्मक सुधार | ४१,२७,७५० | ५६,५८,४०७ | ६०,९५,००० | ६३,९९,७५० |
| निर्मित भवनको संरचनात्मक सुधार | - | ४१,४८,९१३ | - | - |
| सडक तथा पुल निर्माण | १,५४,७१,८७८ | ४,२९,३३,६५३ | ६,९७,२०,००० | ७,३२,०६,००० |
| आवासीय भवन निर्माण/ खरिद | १८,८९,२६३ | ५३,७६,८९६ | ७९,५०,००० | ८३,४७,५०० |
| गैरआवासीय भवन निर्माण / खरिद | २,३८,२२,३६७ | १,२४,२१,९४३ | ३,६३,००,००० | ३,८१,१५,००० |
| जग्गा विकास कार्य | ९३८०० | - | १,००,००० | १,०५,००० |
| सवारी साधन | - | ७९,४४,७०५ | ३,००,००० | ३,१५,००० |
| मेशिनरी तथा औजार | २६१३७९९ | २८,२६,३४७ | ३४,००,००० | ३५,७०,००० |
| फर्निचर तथा फिक्चर्स | १०,००,००० | १६,००,००० | १०,००,००० | १०,५०,००० |
| पशुधन तथा बागवानी विकास | - | १,९३,००० | - | ५,००,००० |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | - | ९,९४,५११ | १७,००,००० | १७,८५,००० |
| पुंजीगत परामर्श खर्च | - | १,१०,१९,२७६ | - | |
| सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति | - | ७,९८,६७२ | - | ४,००,००० |
| बिध्युतिय संरचना निर्माण | - | ४८,५०० | - | ५९,९०८ |
| तटबन्ध, बाँधनिर्माण तथा विपद व्यवस्थापन | - | ७,८३,९०० | १,००,००० | १,०५,००० |
| सिंचाई संरचना निर्माण | ५४,६८,३७० | ३९,९७,८४४ | ८७,००,००० | ९१,३५,००० |
| खानेपानी संरचना निर्माण | २४,८८,२०६ | २,६२,५६,६८९ | ७४,५०,००० | ७८,२२,५०० |
| वन तथा वातवरण समक्षण | ९३,३१,३७२ | - | ९६,००,००० | १,००,८०,००० |
| सार्वजनिक निर्माण | ९४,१६,४९९ | ३,४८,२४,४०३ | २,१३,१५,००० | २,२३,८०,७५० |
| पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | - | - | - |
| भैपरी आउने पुँजीगत | - | - | - | |
| वित्तीय | - | - | - | |
| संस्थामा सेयर लगानी | - | - | - | |
| जम्मा | ७,७१,८१,३०४ | १६,१८,२७,६६२ | १९,३७,३०,००० | १८,३३,१३,०७५ |
| जम्मा ( चालु + पुँजीगत ) | २५,६७,९८,८५६ | ३९,२३,२७,२८१ | ४४,६५,९३,००० | ४५,०८,४५,१८८ |

### तालिका ३.३: २०८१/८२ का मुख्य लक्षित योजना तथा कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम तथा योजनाहरु | एकाई | जम्मा (संख्या/ प्रतिशत ) | क्षेत्रगत |
|---|---|---|---|---|
| १. | कृषि चूना वितरण कार्यक्रम | प्रतिशत | ७५ % | (कृषि विकास कृषिमा बिनियोजन गरिएको जम्मा बजेटमा प्रतिशत निकालिएको) |
| २. | तरकारीको बीउ वितरण कार्यक्रम | प्रतिशत | ७५% | |
| ३. | मौरीघार वितरण कार्यक्रम | प्रतिशत | ५० % | |
| ४. | कृषि यन्त्र वितरण कार्यक्रम | प्रतिशत | ५० % | |
| ५. | कृषि सामाग्री | प्रतिशत | ५० % | |
| ६. | फलफूल विरुवा खरिद तथा वितरण कार्यक्रम | प्रतिशत | ५० % | |
| ७. | खाद्यान्न बालीको बीउ खरिद तथा वितरण कार्यक्रम | प्रतिशत | ५० % | |
| ८. | धार्मिक पर्यटन प्रवर्द्धनका लागि निर्माणाधीन मठ, मन्दिर, गुम्बा, निर्माण गरिने | संख्या | १५ | पर्यटन |
| ९. | नयाँटार सिचाई वडा नं४ . | वटा | १ | सिंचाई संरचना |
| १०. | आन्तरिक रोजगार प्रवर्दन अभियान सम्बन्धि कार्यक्रम | संख्या | ५ | श्रम तथा रोजगारी |
| ११. | शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम | संख्या | ५ | शिक्षा |
| १२. | आयुर्वेदिक उपचार प्रणाली | संख्या | | स्वास्थ |
| १३. | घिरिंङ गाउँपालिकामा १० शैयाको अस्पताल निर्माण | संख्या | १ | |
| १४. | एक घर एक धारा | वटा | - | खानेपानी विकास |
| १५. | “उज्यालो घिरिंङ“ अभियान चलाउने | प्रतिशत | १०० | उर्जा |
| १६. | पाँचवटै वडा कार्यालयमा भवन थप | वटा | ५ | पूर्वाधार विकास |
| १७. | गाउँपालिका भवन निर्माण | वटा | १ | |
| १८. | गाउँपालिकास्तर खेलकुद मैदान | वटा | १ | |
| १९. | गोसाइकुण्ड मोटर मार्ग वडा नं५ . | कि.मी | - | |
| २०. | भैरव मोटर मार्ग वडा नं३ . | कि.मि | - | |
| २१. | गजरकोट डुम्रेवेसी मो२ .वडा नं .मा. | कि.मि | - | |
| २२. | गाउँपालिकास्तर खेलकुद मैदान | संख्या | ५ | |
| २३. | गाउँपालिकामा स्थापित होमस्टेलाई पुर्वाधार विकास | संख्या | १० | |
| २४. | गरिबी निवारणका लागी लघुउद्धम विकास कार्यक्रम | संख्या | १० | गरिबी न्यूनीकरण |
| २५. | विपन्न नागरिकलाई सुरक्षित आवास निर्माणको व्यवस्था | घरपरिवार | ५० | |
| २६. | पिछडिएका समुदायको परम्परागत सिप र पेशालाई आधुनिकीकरण कार्यक्रम | संख्या | ५ | समावेशीकरण |

**तालिका ३.३: अन्य बजेट उप-शिर्षकमा २०८१/०८२ का मुख्य कार्यक्रमहरु**

| क्र.स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | इकाई | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन खरिद | संख्या | १० | कार्यालय संचालन |
| २ | फर्नीचर तथा फिक्चर्स | संख्या | १० | |
| ३ | कम्पुटर प्रिन्टर | संख्या | ४ | |
| ४ | मेशिनरी औजार | संख्या | १ | |
| ५ | भौपरी आउने पूँजिगत खर्च | संख्या | १ | |
| ६ | निर्मित भवनको संरचनात्मक सुधार | संख्या | ५ | |
| ७ | आ.प्र.शाखा टाँसी निर्माण | संख्या | ४ | |
| ८ | कम्प्युटर प्रिन्टर अपुग विद्यालयलाई | संख्या | १२ | शिक्षा |
| ९ | सम्पुर्ण पालिका भित्रको बिधालयलाई सेनेटरी प्याड खरिद | संख्या(पटक) | ३ | |
| १० | सि.सि क्यामेरा, इन्भटर, यस/कुलर | संख्या | १० | |

**योजना प्राथमिकताका आधारमा ५ वटै वडाहरुको लागी बराबर बजेट सिमा तयार गरिएको छ जुन यसप्रकार रहेको छ**

**तालिका २.४: आर्थिक बर्ष २०८०/०८१ को लागी वडागत बजेट सिमा अनुमान**

| क्र.स | वडा नं. | बजेट सिमा (नेपाली रुपैंयामा) |
|---|---|---|
| **१.** | **वडा नं.१** | **४५,००,०००.००** |
| **२.** | **वडा नं.२** | **४५,००,०००.००** |
| **३.** | **वडा नं.३** | **४५,००,०००.००** |
| **४.** | **वडा नं.४** | **४५,००,०००.००** |
| **५.** | **वडा नं.५** | **४५,००,०००.००** |

## परिच्क्षेद ४: बिषयगत खर्चको संकेतिकरण

### ४.१ दिगो विकास लक्ष्य सांकेतीकरण

गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमलाई दिगो विकास लक्ष्य बमोजिम खर्च शिर्षक तथा उपशिर्षकहरुको क्लष्टरीङ गरेर बिगतको बर्षलाई आधार मानी चालु र आगामी आर्थिक वर्षको ब्यय अनुमान तथा प्रक्षेपण तलको तालिकामा देहाय वमोजिम प्रस्तुत गरिएको छ।

**तालिका ४.१: दिगो विकास लक्ष्यको आधारमा चालु तथा आगामी बर्षको बजेट प्रक्षेपण**

| संकेत नं | दिगो विकास लक्ष्य | कार्यक्रम/लक्ष्य २०८१/०८२ | २०७९/०८० यथार्थ | २०८०/०८१ अनुमान | २०८१/०८२ प्रक्षेपण |
|---|---|---|---|---|---|
| | | संख्या | रकम | रकम | रकम |
| १ | गरिबीको अन्त्य | ३ | - | २,००,००० | २,०२,०४० |
| २ | शुन्य भोकमरी | ४ | - | ३,००,००० | ३,५०,००० |
| ३ | स्वास्थ्य जीवन | १८ | २,१३,०१,३२८ | १,४९,८५,००० | २,५२,३९,८४७ |
| ४ | गुणस्तरीय शिक्षा | २२ | १४,१६,१६,०४६ | १५,३६,७५,००० | १५,५२,४२,४८५ |
| ५ | लैङ्गिक समानता | ६ | २१,५४,८९६ | १०,००,००० | १०,१०,२०० |
| ६ | सफा पानि, सरसफाई र स्वच्छता | १५ | २,८१,७८,१५१ | ८०,७५,००० | ८१,५७,३६५ |
| ७ | आधुनिक उर्जामा पहूचं | ४ | ८,४७,१७२ | १८,००,००० | १८,१८,३६० |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | - | - | - | - |
| ०९ | उद्योग, नविन खोज र पुर्वाधार | ११ | ६३,४५,६०४ | १८,००,००० | १८,१८,३६० |
| १० | असमानता न्यूनीकरण | - | - | - | - |
| ११ | दिगो शहर र समुदाय | ५ | ३,२०,५३,७३२ | ४,५८,६०,००० | ४,६३,२७,७७२ |
| १२ | दिगो उपभोग र उत्पादन | ६ | २५,०१,१३० | २५,५०,००० | २५,७६,०१० |
| १३ | जलवायु परिवर्तन अनुकुल | ६ | - | ६,१३,८४० | ९,००,००० |
| १४ | जमिन माथिको जीवन | ७ | ६१,५६,८४० | ४०,००,००० | ४०,४०,८०० |
| १५ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | ९ | ९,७५,९३३ | ५,२४,००० | ५,२९,३४४ |
| १६ | दिगो विकासका लागि साझेदारी | १० | ४०,११,५५१ | ५०,७६,००० | ५१,२७,७७५ |
| | जम्मा | १३७ | २३,८०,९८,२५४ | २३,४१,९५,००० | २४,६७,३२,७२८ |

१६ वटा दिगो विकासका लक्ष्य मध्य सवैभन्दा धेरै कार्यक्रम र कुल बजेटको अनुपातमा पनि लक्ष्य न. ४ गुणस्तरीय शिक्षामा देखिन्छ भने सबैभन्दा कम कार्यक्रम लक्ष्य न. १ मा देखिन्छ।

## ४.२ जलबायु सांकेतिकरण

राष्ट्रिय अनुकुलन कार्ययोजना अनुसार तनहुँ जिल्लामा प्रायजसो जलवायु परिवर्तनका कारण पहिरोको सबै भन्दा बढी जोखिम रहेको छ। घिरिङ गाउँपालिकामा पनि पहाडी भूभाग बढी मात्रामा रहेकोले पहिरोको जोखिमलाई नै प्रमुख मान्न सकिन्छ। यसैगरी यस क्षेत्रमा खडेरी र हिमताल बिष्फोटनको न्यून तथा बाढी को अत्यन्तै न्यून जोखिम रहेको छ।

तालिका ४.२: तनहुँ जिल्लामा जलवायु परिवर्तनको असरवाट हुनसक्ने जोखिमको मात्रा

| क्र.सं. | जलवायु परिवर्तनको असर | जोखिमको मात्र |
|---|---|---|
| १. | पहिरो | उच्च |
| २. | खडेरी | न्यून |
| ३. | हिम ताल बिष्फोटन | न्यून |
| ४. | बाढी | न्यून |

कुल कार्यक्रम संख्यालाई जलवायूको सान्दर्भिकता परिक्षण गरेर सोही वमोजिम सांकेतीकरण गरि त्यसको भार नतिजा प्राप्त गरिएको छ । यसमा सोझो सम्बन्ध भएकालाई अति सान्दर्भिक, सामान्य सम्बन्ध भएकालाई सान्दर्भिक र जलवायू परिवर्तन सम्बन्धमा कुनै सरोकार नभएकालाई तटस्थ गरी बाँडफाँड गरेर कुल कार्यक्रम खर्चमा तथा अनुपातमा देखाइएको छ।

तालिका ४.३: जलवायूको सान्दर्भिकता सांकेतीकरण

| जलवायू संकेत | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा-३ वर्ष | अनुपात |
|---|---|---|---|---|---|
| अति सान्दर्भिक | ६४,४८,४९६ | ८३,००,००० | ८३,८४,६५९ | २,३१,३३,१५५ | ३.२२ |
| सामान्य सान्दर्भिक | ३,८३,९९,३३६ | ४,७९,६०,००० | ४,८४,९६,१३२ | १३,४८,५५,४६८ | १८.७६ |
| तटस्थ सान्दर्भिक | १९,३२,५०,४२१ | १७,७९,३५,००० | १८,९८,५१,९३७ | ५,६१,०३७,३६८ | ७८.०२ |
| जम्मा | २३,८०,९८,२५३ | २३,४१,९५,००० | २४,६७,३२,७२८ | ७१,९०,२५,९९१ | १०० |

**मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा आयोजित कार्यक्रमका तस्बिरहरु**







XELWEL INNOVATION PVT. LTD.
Kathmandu, Nepal